
# लेखापरीक्षण प्रतिवेदन

# पञ्चकन्या गाउँपालिका, नुवाकोट

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पञ्चकन्या गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/326

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पञ्चकन्या, नुवाकोट।

## कैफियतसहितको राय

हामीले पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.

फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड २० लाख २९ हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३ करोड २४ लाख २१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२४ लाख ९५ हजार समेत गरी रु.१२ करोड ६९ लाख ४५ हजार समावेश गरेको छैन।

**२.** गाउँपालिकाको रु.१ अर्ब १० करोड ७१ लाख ६० हजारको लेखापरीक्षण गरिएकोमा रू.७५ लाख २६ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.३० लाख १८ हजारको प्रतिक्रियाउपर कारबाही भई फस्यौंट भएकाले बाँकी बेरुजु रु.४५ लाख ८ हजार रहेको छ ।बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू.११ हजार, नियमित गर्नुपर्ने रु.४४ लाख ९६ हजार रहेको छ। गत वर्षसम्म रु.७ करोड ७४ लाख ३७ हजार बेरुजु बाँकी रहेकोमा सो बाट ९ हजार फस्यौंट भई रु.७ करोड ७४ लाख २८ हजार बाँकी रहेकोमा यो वर्ष थप भएको रु. ४५ लाख ८ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ८ करोड १९ लाख ३६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पञ्चकन्या गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण

सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पञ्चकन्या गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | ५२ | ७५,२६,३१० | १ | ३१ | ३०,१८,२०३ | ० | ६३ | २१ | ४५,०८,१०७ | ११,१५४ | ४४,९६,९५३ | ० | ० | ० | ४४,९६,९५३ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ७,७४,३७,०१६ | ० | ९,००२ | ७,७४,२८,०१४ | 0 | ४५,०८,१०७ | ८,१९,३६,१२१ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४८ | सामाजिक सुरक्षा | ५२,६२२ |
| २ | २०८०/८१ | ८८ | सहकारीलाई भवन अनुदान | ४,८७,५५५ |
| ३ | २०८०/८१ | ९१ | सरकारी विज्ञापन वापतको भुक्तानीमा कर कट्टी | १,३८९ |
| ४ | २०८०/८१ | ५६ | व्यावसाय संचालन नगरेको | ६७,७५० |
| ५ | २०८०/८१ | ६५ | लागत सहभागिता | २१,३२२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ६० | रबरबोट खरिद | १,००,००० |
| ७ | २०८०/८१ | ८९ | बाबुआमाविहिन बालबालिका संरक्षण कार्यक्रम | ५३,००० |
| ८ | २०८०/८१ | ७० | प्रमाण कागजात | २,३६,८०० |
| ९ | २०८०/८१ | ८७ | प्रमाण कागजात | २,९६,५०० |
| १० | २०८०/८१ | ९० | प्रदेश समपूरक अनुदान | १०,८८,००० |
| ११ | २०८०/८१ | ४२ | पाठ्यपुस्तक | ४१,२३५ |
| १२ | २०८०/८१ | ८५ | न्यायिक सहजकर्ताको पारीश्रमिक | १६,२०७ |
| १३ | २०८०/८१ | ८६ | न्यानो झोला | ० |
| १४ | २०८०/८१ | ६४ | दाखिला प्रमाण | १,०४,७७९ |
| १५ | २०७९/८० | ७६ | अवलोकन भ्रमण खर्च | ९,००२ |
| १६ | २०८०/८१ | ८ | रकम फिर्ता | १५,००० |
| १७ | २०८०/८१ | २८ | बढी शिक्षक सहयोग अनुदान | १५,००० |
| १८ | २०८०/८१ | ३६ | धरौटी फिर्ता | ४,२१,०४४ |
| जम्मा | | | | ३०,२७,२०५ |

# (८०३२९५०६३०० - पञ्चकन्या गाउँपालिका, नुवाकोट )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने यस पालिकाको क्षेत्रफल ५३.४७ वर्ग किलोमिटर तथा १३८१८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१९ देखि २०८१।५।२३ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् ।सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको विनियोजनतर्फ, राजस्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ, आय-व्ययतर्फ, सम्पत्ति तथा दायित्व तर्फ गरी जम्मा रु. १,१०,७१,५९,९१५।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५४६०४५।- असुल भई दाखिला प्रमाण पेस भएको छ ।

| क्र. सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | एन आइ सि एसिया बैंक(पालिकाको आन्तरिक आय खाता) मा मिति२०८१।०५।१९ गते भौचर नं ४३७१२१२४१।२०८१।५।१९ बाट वडा २को राजस्व असुली रु... | ६९५९ |
| २ | एन आइ सि एसिया बैंकमा मिति२०८१।०५।२० भौचर नम्बर ४३७१२१२५२ बाट राजस्व असुली रु... | ८०९७ |
| ३ | नेपाल बैंक लिमिटेडमा मिति२०८१।०५।१८ गते सामाजिक सुरक्षा संघीय सञ्चित कोषको राजस्व शीर्षक नं १५११२ मा भौचर नं ८१०३२९५ बाट रु... | ११६६२७.३ |
| ४ | नेपाल बैंक लि. मा मिति २०८१।०५।१७ गते सामाजिक सुरक्षा फिर्ता संघीय सञ्चित कोषमा भौ नं ८१०३२९३ बाट दाखिला रु... | १०४९८४.५१ |
| ५ | नेपाल बैंक लि मा मिति २०८१।०५।३० गते संघीय सञ्चित कोषको राजस्व शीर्षक नं १५१११ मा कारोबार संकेत नं २०८१-२२५२०४३ बाट फिल्ड भत्ता बेरुजु दाखिला रु... | ३४०० |
| ६ | नेपाल बैंक लि मा मिति २०८१।०५।३१ गते संघीय सञ्चित कोषको राजस्व शीर्षक नं १५१११ मा कारोबार संकेत नं २०८१-२२४४५१० बाट फिल्ड भत्ता दाखिला रु... | २५५० |
| ७ | नेपाल बैंक लि मा मिति२०८१।०५।२३ गते रा.शी.नं१५१११ मा कारोबार संकेत नं २०८१-१९४८३६० बाट बढी तलब फिर्ता दाखिला रु... | ५०९५२ |
| ८ | नेपाल बैंक लि. मा मिति २०८१।०५।१३ गते संघीय सञ्चित कोषमा रा.शी.नं १५१११ मा सामाजिक सुरक्षा फिर्ता दाखिला भौ नं ७८८२३५७बाट रु... | ४३४६८.८८ |
| ९ | एम्बुलेन्स संचालनबापतको राजस्व पालिकाको सञ्चित कोषमा मिति २०८१।५।२०को राजस्व भौचर नं २ बाट दाखिला रु... | १८००० |
| १० | एन. आइ. सी एसिया बैंकमा मिति२०८१।०६।१३गते रा.शी.नं. १५१११ मा कारोबार संकेत नं २०८१-२८०९२०८ बाट दाखिला रु... | ८१०६ |
| ११ | एन .आइ.सी एसिया बैंकमा मिति२०८१।०६।१३गते रा.शी.नं. १५१११ मा कारोबार संकेत नं. २०८१-२८०९२०८ बाट दाखिला रु... | ६१०० |
| १२ | कृषि विकास बैंकबाट अग्रिम भुक्तानी जमानत | २१७६८०० |

| | | |
|---|---|---|
| | बापतको रकम खिँचेर गरी मिति २०८१।५।१७ मा ग १.१- आन्तरिक राजश्व खाता पञ्चकन्या गाउँपालिकामा रकम दाखिला गरेको रु... | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको आ.व ०८०।०८१को एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | | १. | चालु (खर्च तथा फिर्ता) | २४७३९२३४५ |
| | सञ्चित कोष | १८४३३१७४ | २. | पुँजीगत (खर्च तथा फिर्ता) | १५५७७२६६९ |
| | धरौटी खाता | १०२७९६४६ | ३. | धरौटी फिर्ता (खर्च तथा फिर्ता) | ३९३३४४९ |
| | प्रकोप व्यवस्थापन | १४९९४७ | ४. | कोष खर्च | |
| | विभाज्य कोष | ८८५४१ | | विविध कोष खाता | ५८०००० |
| २. | यस वर्षको धरौटी आम्दानी | ७२६२७४७ | | विविध खर्च खाता | ४२५५२४७ |
| ३. | आन्तरिक राजश्व आम्दानी | | | प्रकोप व्यवस्थापन कोष | ३०००६७४ |
| | आन्तरिक राजश्व | ८९२३०४९ | | विभाज्य कोष | ६११४९२५ |
| | राजश्व बाँडफाँट प्रदेश सरकार | १२९०३१३७ | | | |
| | राजश्व बाँडफाँट संघीय सरकार | ५३६८६२१९ | ५ | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | |
| | राजश्व बाँडफाँट स्थानीय सरकार | ३२४६८६५ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४९५००० |
| ४. | संघीय सरकारबाट प्राप्त अनुदान | | | सामाजिक सुरक्षा तथा संरक्षण | ९२०२९४३४ |
| | वित्तीय समानीकरण अनुदान | ७१२३८००० | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३२४२०७२७ |
| | सशर्त अनुदान | १६६९२४००० | ६ | गत आ.व. मा सञ्चित कोषमा फरक परेकोले सञ्चित कोषको भौ नं १२४ अनुसार समायोजन | ६०१११० |
| | समपुरक अनुदान | १८०००००० | | | |
| | विशेष अनुदान | १३०००००० | | | |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | मौज्दात | |
| | वित्तीय समानीकरण अनुदान | ६९४६००० | | सञ्चित बैंक मौज्दात | २१८३४३१९ |
| | सशर्त अनुदान | २३५५०००० | | धरौटी मौज्दात | १३६०८९४४ |
| | समपुरक अनुदान | २५०००००० | | विविध कोष खाता | ७४४९१७ |
| | विशेष अनुदान | ३७५०००० | | विविध खर्च खाता | ९९९११३ |
| ६. | विभिन्न कोष तथा खर्च खाता तर्फको आय | | | प्रकोप व्यवस्थापन कोष | १७३२७७३ |
| | विविध कोष खाता | १३२४९१७ | | | |
| | विविध खर्च खाता | ५२५४३५९ | | | |
| | प्रकोप व्यवस्थापन कोष | ४५८३५०० | | | |
| | विभाज्य कोष | ६०२६३८४ | | | |
| ७. | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४९५००० | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ९२०२९४३४ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३२४२०७२७ | | | |
| | जम्मा | ५८७५१५६४५ | | जम्मा | ५८७५१५६४५ |

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६,७०,७१,१०७.८८ | ०.०० | ६,७०,७१,१०७.८८ | ६,७६,२६,५८०.८७ | ०.०० | ६,७६,२६,५८०.८७ |
| १३००० | अनुदान | २९,३९,८५,१२४.९६ | ०.०० | २९,३९,८५,१२४.९६ | २९,९२,७५,२९१.१४ | ०.०० | २९,९२,७५,२९१.१४ |
| १४००० | अन्य राजस्व | १,१०,८१,९५०.९७ | ०.०० | १,१०,८१,९५०.९७ | १,१२,८२,२५०.८६ | ०.०० | १,१२,८२,२५०.८६ |
| १५००० | विविध प्राप्ति | ५,१००.०० | ०.०० | ५,१००.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | ३७,२१,४३,२८३.८१ | | ३७,२१,४३,२८३.८१ | ३७,८१,८४,१२२.८७ | | ३७,८१,८४,१२२.८७ |
| ३ | चालु | २२,९२,५६,५२२.०० | ०.०० | २२,९२,५६,५२२.०० | २६,१८,८१,०८५.६६ | ०.०० | २६,१८,८१,०८५.६६ |
| २१००० | पारिश्रमिक / सुविधा | ११,५५,७९,३३१.६६ | ०.०० | ११,५५,७९,३३१.६६ | ४,८२,२८,०००.६७ | ०.०० | ४,८२,२८,०००.६७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १०,४०,२८,९४८.१४ | ०.०० | १०,४०,२८,९४८.१४ | १८,०६,०८,७५५.३२ | ०.०० | १८,०६,०८,७५५.३२ |
| २५००० | सहायता (Subsidy) | ८,४८,०००.०० | ०.०० | ८,४८,०००.०० | २५,५००.०० | ०.०० | २५,५००.०० |
| २६००० | अनुदान | ६२,४०,४७५.२० | ०.०० | ६२,४०,४७५.२० | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | १४,४१,५४७.०० | ०.०० | १४,४१,५४७.०० | १,५४,४२०.०० | ०.०० | १,५४,४२०.०० |
| २८००० | अन्य खर्च | ११,१८,२२०.०० | ०.०० | ११,१८,२२०.०० | ३,२८,६४,४०९.६७ | ०.०० | ३,२८,६४,४०९.६७ |
| ४ | पूंजीगत | १३,९४,८५,६१७.०० | ०.०० | १३,९४,८५,६१७.०० | १५,०९,०३,५२७.०० | ०.०० | १५,०९,०३,५२७.०० |
| ३१११० | भवन तथा संरचना | ८३,७५,७१२.०० | ०.०० | ८३,७५,७१२.०० | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २०,४४,९८९.०० | ०.०० | २०,४४,९८९.०० | ६९,९८,१४४.०० | ०.०० | ६९,९८,१४४.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्य पुँजीगत खर्च | १९,४६,३५५.०० | ०.०० | १९,४६,३५५.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | १२,६७,४५,१६९.०० | ०.०० | १२,६७,४५,१६९.०० | १४,१९,०५,३८३.०० | ०.०० | १४,१९,०५,३८३.०० |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ३,७३,३९२.०० | ०.०० | ३,७३,३९२.०० | ०.०० | ०.०० | ०.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३६,८७,४२,१३९.०० | | ३६,८७,४२,१३९.०० | ४१,२७,८४,६१२.६६ | | ४१,२७,८४,६१२.६६ |
| ग) | वचत /कमी (ग = क-ख ) | ३४,०१,१४४.८१ | | ३४,०१,१४४.८१ | (३,४६,००,४८९.७९) | | (३,४६,००,४८९.७९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ६५,६७,६१२.२९ | | ६५,६७,६१२.२९ | ४७,७२,४६४.४० | | ४७,७२,४६४.४० |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ९९,६८,७५७.१० | | ९९,६८,७५७.१० | (२,९८,२८,०२५.३९) | | (२,९८,२८,०२५.३९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २,८९,५१,३०७.६७ | | २,८९,५१,३०७.६७ | ५,८७,७९,३३३.०६ | | ५,८७,७९,३३३.०६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,८९,२०,०६४.७७ | | ३,८९,२०,०६४.७७ | २,८९,५१,३०७.६७ | | २,८९,५१,३०७.६७ |

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणतर्फको रु.९२०२९४३४।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३२४२०७२७।०० र स्वास्थ्य क्षेत्र सुधारको रु.२४९५०००।०० समेत गरी रु. १२६९४५१६१।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी र हालको बैंक मौज्दातमा फरक नपरेता पनि यस वर्षको प्राप्ति रु. १८६४२१०५३।३१ फरक देखिएको र यस वर्षको भुक्तानीमा रु. १७९८५३४४१।०२ फरक देखिएको छ । पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश फिर्तालाई पनि खर्च मानिएको र सुत्रको २७०-०१ले विभिन्न कोषको प्राप्ति भुक्तानी छुट्टाछुट्टै नदेखाइ फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाव फरक देखिएको छ।यस अत पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुनुपर्दछ

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | २८९५१३०८ | ३७२१४३२८३।८१ | ३६८७४२१३९।०० | ३८९२००६५ | प्राप्ति र भुक्तानीमा देखिएको फरक रकम रु६५६७६१२मलेफान २७०- ०१ घ मा विविध अन्य कोषको वचत थपघटमा देखिएको |
| एकीकृत आर्थिक विवरणअनुसार | २८९५१३०८ | ५५८५६४३३७।१२ | ५४८५९५५८०।०२ | ३८९२००६५ | |
| फरक | 0 | १८६४२१०५३।३१ | १७९८५३४४१।०२ | 0 | |

६ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २८९२०१२७।०० मौज्दात रहेकोमा यो वर्ष रु २८९५१३०७।६७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा

उल्लेख भएको भन्दा बढी जिम्मेवारी सारेको रकम रु३११८०।६७को सम्बन्धमा यकिन गर्नुपर्ने देखियो ।

७ **बैंक हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २१८३४३१९ | २१८३४३१९ | ० |
| चालु खर्च खाता | ० | १३७०९५(चेक सटहि हुन बाँकी) | १३७०९५ |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ९९९११३ | ९९९११३ | ० |
| विपद व्यवस्थापन खाता | १७३२७७३ | १७३२७७३ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| विविध कोष खाता | ७४४९१७ | ७४४९१७ | - |
| धरौटी | १३६०८९४४ | १३५८३९४४ | २५००० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | - | - | - |
| जम्मा | | | १६२०९५ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

८ **रकम फिर्ता**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९ **खर्च गर्ने अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु. ४५करोड ९७ हजार बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस पालिकामा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था भएता पनि जनशक्ति पदपूर्ति नभएको हुँदा पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेस गरेको प्रमाण उपलव्ध भएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन ,

• दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदनलिई प्रतिवेदनका व्यहोरा कार्यान्वियन गरेको देखिएन ,

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेस गरेको छैन ,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखीकरण गरेको देखिएन ,

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको देखिएन,,

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्बन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वियन अवस्थासँग आवद्ध गरेको देखिएन ,

तसर्थ :आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

**१२ बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**१३ दायित्व भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीमध्ये यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकी दायित्व भनी रु. ७९ लाख ११ हजार बजेटमा व्यवस्था गरी भुक्तानी दिएको छ । पछिल्लो आर्थिक वर्षमा जिम्मेवारी सार्ने कार्य सम्भव भएसम्म कम गर्नुपर्दछ ।

**१४ बजेट सीमा निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**१५ योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १७३ योजनामा बजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| पालिकास्तरीय | ३४ | ४ | ६ | २८ |
| वडास्तरीय | १३९ | ० | १ | १३८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

(रु .हजारमा)

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २,३१,८५ | १,५८,८० | ६८.४८ |
| सामाजिक विकास | २०,३५,१७ | १७,२४,०४ | ८४.७१ |
| पूर्वाधार विकास | १४,७९,७३ | १२,०९,०७ | ८1.7 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,६२,५८ | १,३२,१७ | 81.३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ५,५३,८६ | ४,६३,३१ | ८३.65 |
| जम्मा | ४४६३१९ | ३६८७३९ | ८२.६१ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा रु.२० करोड ३५ लाख १७ हजार विनियोजन भएको छ भने सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु. १ करोड ६२ लाख ५८ हजार बजेट विनियोजन भएको छ । अतः पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि उपलब्ध स्रोतसाधनको महत्तम उपयोग हुने गरी सबै क्षेत्रमा प्राथमिकताका आधारमा बजेट विनियोजन गरी सोबाट वाञ्छित उपलब्धि प्राप्त हुने गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

## १७ लक्ष्य प्रगति तथा त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पुँजीगत | २,६४,५४ | २,६४,५४ | २,५९,६२ | २,४८,१३ | २,२२,११ | १,०७,४६ |
| २ | प्रदेश पुँजीगत | ३,४५,०८ | ०.०० | १,५६ | ३५,७३ | ३,०७,७९ | १,३८,७६ |
| ३ | गाउँपालिका पुँजीगत | ७,८५,२२ | ८३,९५ | ६८,०५ | ६८,३९ | ५,६४,८१ | २,६२,२२ |
| | कुल खर्च | १३,९४,८५ | ३,४८,४९ | ३,२९,२३ | ३,५२,२५ | १०,९४,७१ | ५,०८,४४ |
| | खर्च प्रतिशत | ७९.३२ | ५.०५ | ४.६१ | ७.४ | ६२.२५ | २८.९१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३९४८५ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३ करोड ४८लाख ४९हजार (५.०५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३करोड २९ लाख २३ हजार (४.६१प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३करोड ५२ लाख २५ हजार (७.४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड ९४ लाख ७१ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ८ लाख ४४ हजार ( २८.९१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**लक्ष्य प्रगति :** पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २७६ | ४१ | १६ | २२ | २१ |

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१८ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ८९२३०४९।०० राजस्व बाँडफाँड र अनुदानबाट रु. ३६३२२०२३४।०० समेत रु. ३७२१४३२८३।००आम्दानी भएकोमा चालु तर्फ रु. २२९२५६५२२ र पुँजीगत तर्फ रु. १३९४८५६१७।०० र समेत रु.३६८७४२१३९।०० खर्च भएको छ। कुल खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत रहेको छ । जसमध्ये ८४.७६ प्रतिशत चालु र ७९.३१ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । त्यस्तै यस वर्ष पदाधिकारी सुविधामा मात्र रु. ६२९७५१३।०० खर्च भएको छ जुन आन्तरिक आयको ७०.५७ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकासका पूर्वाधार निर्माणमा परिचालन गरिनुपर्दछ ।

| विवरण | विनियोजन | खर्च | बजेटको तुलनामा पुँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|
| पुँजीगत खर्च | १७५८३५०००।०० | १३९४५८६१७।०० | ७९.३१ |
| चालु खर्च | २७०४८६०००।०० | २२९२५६०००।०० | ८४.७५ |

१९ **रकमान्तर**

पालिकाको हिउँदे गाउँसभाको मिति २०८० माघ २४ गते सम्पन्न भएको १५औं अधिवेशनले कार्यपालिकाबाट विभिन्न समयमा भएको पालिकाको विनियोजन ऐन २०८० को अनुसूचीमा समावेश ३८ योजना तथा कार्यक्रमबाट रु.१७७००५२१।०२ घटाएर ६८ योजनामा रु.१७७००५२१।०२ रकमान्तर गर्ने निर्णयलाई अनुमोदन गरेको छ । यसमा केही योजनाको ठेक्का रकमबाट बचेको रकमलाई साना कार्यक्रम बनाई योजना कायम गरिएको छ । यसले गर्दा न्यून रकमका टुक्रे कार्यक्रमको संख्या उल्लेख्य रुपमा बढेको देखिन्छ । यसरी आर्थिक वर्षको आधा अवधि भुक्तान भईसके पश्चात बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दिगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

२० **अबण्डाका रुपमा बजेट प्रविष्टि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष बजेट विनियोजन गरेको रातो किताबमा निम्नानुसारको शीर्षकमा छुट्टाछुट्टै योजना कार्यक्रम राखेको भएता पनि बजेट खर्च गर्ने सुत्र सफ्टवेयरमा बजेट अबण्डा जसरी एकमुष्ट प्रविष्टि भई खर्च लेखेको पाइयो । यसबाट सुत्रमा प्रविष्टि बजेट

विनियोजन अघि भयो वा पछि भयो एकिन गर्न सकिएन भने निम्न शीर्षकको सुत्र सफ्टवेयरबाट क्रियाकलापगत रुपमा बजेट विनियोजन र खर्चको स्थितिको विवरण प्राप्त हुन सकेन । सुत्रमा एकमुष्ट प्रविष्टि भएका केहि योजना तथा कृयाकलाप निम्न छन्ः

| क्र.स | आयोजनाको नाम | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| १ | वडा नं. १ पुँजीगत योजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट | ३८,५०,०००.०० | ३४,९२,८८०.०० |
| २ | वडा नं. २ पुँजीगत योजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट | ४८,००,०००.०० | ४५,७९,१२१.०० |
| ३ | वडा नं. ३ पुँजीगत योजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट | ४३,५०,०००.०० | ४२,०३,६७९.०० |
| ४ | वडा नं. ४ पुँजीगत योजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट , | ५२,३०,०००.०० | ४८,९६,७७८.०० |
| ५ | वडा नं. ५ पुँजीगत योजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट | ३३,०५,०००.०० | ३१,२६,७९०.०० |
| ६ | सबै वडाहरुको सडकहरु मर्मत तथा सरसफाइ कार्य | ५०,००,०००.०० | ४८,९२,७१९.०० |
| जम्मा | | २६५३५००० | २५१९१९६७ |

तसर्थ वित्तीय अनुशासन तथा पारदर्शिता कायम गर्न सभाले पास गरेको बजेट र सुत्रमा प्रविष्टि हुने बजेटको हिसाब मिलान गरी क्रियाकलापगत बजेट प्रविष्टि गरेर मात्र खर्च गर्ने गर्नुपर्दछ ।

## २१ कानुन र सञ्चालन स्थिति

कानून र सञ्चालन स्थिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले गत वर्ष ४२ वटा कानुन निर्माण गरि कार्यान्वियनमा ल्याएकोमा यो वर्ष थप ४ वटा सहित हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, ४० कार्यविधि तथा निर्देशिका सहित ४६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ४६ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा ३२ वटा मात्र प्रकाशन गरेको छ। सबै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## २२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २१ गरी कुल २७ विवाद दर्ता भएकोमा २१ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २३ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ भने सोही दफाको उपदफा (२) को (ङ)मा सिफारिस तथा प्रमाणित गर्ने सेवा सम्बन्धमा उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सेवा प्रवाहको स्थिति निम्न छः

| विवरण | सेवा संख्या | कुल सेवा/सिफारिस दस्तुर |
|---|---|---|
| जन्म दर्ता | ६१५ | ६१५/१०० |
| मृत्यु दर्ता | २४७ | २४७/ १०० |
| बसाईसराई दर्ता | ६३ | ६३ / १००० |
| विवाह दर्ता | ३०७ | ३०७/ ५०० |
| सम्बन्ध विच्छेद दर्ता | २४ | २४/ २५०० |
| **जम्मा** | १२५६ | १२५६ |

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ४४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३२ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२६ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ११ कर्मचारीको रु. ७७ लाख ६५ हजार, र पालिकाका १७ कर्मचारीको रु९४ लाख ८९हजार समेत रु. १ करोड ७२ लाख ५४ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखाङ्कन गर्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणमा तलव भुक्तानीको गणना ,तुलना र विष्लेषण गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **करार तथा स्वयंसेवक शिक्षक**

शिक्षा नियमावली २०५९ को नवौं (संशोधन) २०७७ मा शिक्षकहरुलाई ज्यालादारी करारमा नियुक्त गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका व्यक्तिहरुलाई विभिन्न विद्यालयका निम्ति ज्यालादारी करार तथा स्वयंसेवक शिक्षक नियुक्त गरी राजस्व बाँडफाँटबाट भुक्तानी गर्ने गरी दैनिक हाजिरीका आधारमा भुक्तानी गरेको पाईयो । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरबन्दी कायम गर्नुपर्ने , दरबन्दी मिलान पश्चात शिक्षक सेवा आयोगबाट स्थायी रुपमा पदपूर्ति

प्रयोजनार्थ सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडी बढाउने तथा आयोगबाट पदपूर्ति नहुने तर कार्यसञ्चालनका लागि अपरिहार्य हुने अन्य पदका लागि आन्तरिक आयको दिगो श्रोत व्यवस्थापन गर्नु पर्दछ ।

| सि नं | विद्यालयको नाम | शीक्षकको नाम | मासिक तलव | वार्षिक भुक्तानी |
|---|---|---|---|---|
| १ | भेडावारी मा वि | कृष्ण प्रसाद वोहरा | २५००० | ३००००० |
| २ | ब्रम्होश्वर वेद विद्याश्रम | कृष्ण प्रसाद लामिछाने | २०००० | २४०००० |
| ३ | ईन्द्रायणी मा वि | ठाकुर प्रसाद लामिछाने | २०००० | २४०००० |
| ४ | मंगलादेवी मा वी | अजय तामाङ | २०००० | ८०००० |
| ५ | गम्बो डाँडा आ वि | अञ्जिल तामाङ | २०००० | २४०००० |
| ६ | सुन्दरा आ वि | केशव प्रसाद खतिवडा | १७००० | २०४००० |
| ७ | उदय जालपादेवी मा वि | विना तामाङ | १५००० | १८०००० |
| ८ | छेत्रपाल आ वि | सुन्दरी थापा | १५००० | १८०००० |
| जम्मा | | | | १४६०००० |

२८ **बढी शिक्षक सहयोग अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । बिरामीको अभिभावक गाउँपालिका- आर्थिक सहयोग शीर्षकबाट ७४ जना बिरामीलाई रु. ७,०००।- देखि रु.४०,०००।-सम्म आर्थिक सहयोग उपलब्ध गराईएकोमा क्यान्सर बिरामीको उपचारको लागि कार्यपालिकाको निर्णय अनुसार रु१,५५,०००।- सहित जम्मा रु.२५,१७,०००।- बराबरको रकम आर्थिक सहयातामा भुक्तानी गरेको छ ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८९२३०४९।- को २८.२० प्रतिशत हुन आउँछ । यसरी आन्तरिक आयको ठूलो हिस्सा आर्थिक सहयता जस्तो अनुत्पादक क्षेत्रमा जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकास जस्ता महत्वपूर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अतः अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण कायम गर्नुपर्दछ ।

३० **वितरण प्रकृतिका खर्चहरु**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले पुँजी सृजना नहुने खालका कार्यक्रम तथा वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक व्यवस्था गरेको छ । पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई न्यूनीकरण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, बिरामी, संस्कृति लगायत कार्यमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था समेत छैन । अतः यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ। यस्ता प्रकृतिका खर्चका केहि उदाहरण निम्नबमोजिम छन्

| भौचर नंवर | खर्च प्रयोजन | भुम्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३७/२०८०।६।१७ | तिज विषेश कार्यक्रम | सुलोचना गजुरेल लाई भक्तानी दिई कार्क्रम सञ्चालन | १२९७७०।०० |
| ५१/२०८०।६।२५ | अडियो, भिडियो ,संगीत, छायाङ्कन | लोक गायिका सविता ढुङ्गाना | ९८०००।०० |
| | पूर्वाञ्चाल गन्धर्व समाज | वृहत गन्धर्व साँस्कृतिक अधियान २०८१ | ५००००।०० |
| ५१/२०८०।६।२९ | जनै पूर्णिमा मेला | कालिकास्थान मेला व्यवस्थापन समिति | १०००००।०० |
| १४३/२०८०।९।३ | पञ्चकन्या मेला | पञ्चकन्या मेला व्यवस्थापन उपभोक्ता समिति | ४०००००।०० |
| ५६२/२०८१।३।२१ | घ्याङस्वरा मेला | घ्याङस्वरा मेला व्यवस्थापन उपधोक्ता समिति | ७००००।०० |

## ३१ नगद वितरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(५)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।पालिकाले विभिन्न किसिमका राहत तथा अनुदान रकमहरु सम्बन्धितको बैँक खातामा दिनु पर्नेमा सम्बन्धित शाखाका कर्मचारी मार्फत नगदै वितरण गरेको पाईयो । सामाजिक सुरक्षा रकम नगदै वितरण गर्दा चोरी भएको पालिकाको विगतको अनुभव हुँदाहुँदै पनि नगद वितरण पूर्ण रुपमा नियन्त्रण भएको देखिएन ।नगद रकम वितरण गर्दा सम्बन्धित लाभग्राहीले नपाउने, चोरी हुने, अनियमितता हुने जोखिम हुने रहन्छ ।पालिकाले निम्नानुसारका अनुदान तथा राहत रकमहरु नगदै वितरण गरेको पाईयो ।यस्ता अनुदान रकमहरु बैँक मार्फत वितरण गर्नु पर्दछ ।

| सि नं | अनुदान सहयोग विषय | लाभग्राही संख्या | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ८० वर्षमाथिका जेष्ठनागरिक स्वास्थ्य उपचार सहयोग मासिक रु. १००० | ३२४ | ५५५५०००.०० | नगदै वितरण |
| २ | अभिभावक विहीन बालबालिका | २२ | ६०५०००.०० | संरक्षक मार्फत नगदै दिएको |
| ३ | दुध उत्पादक किसान प्रोत्साहन अनुदान अन्तिम किस्ता | ११७३ | २६८०४१.०० | ११ वटा दुध संकलक सहकारी तथा समुह मार्फत किसान लाई नगदै वितरण |

## ३२ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो कार्यालयमा सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न बमोजिम रहेको छ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | विवरण प्राप्त नभएको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०८०/०९/२० | २ | ६९४९०० | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०८१/२/२८ | १ | १२८४९९।८१ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | विवरण प्राप्त नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | विवरण प्राप्त नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | विवरण प्राप्त नभएको |

| क्र.सं. | भवनको विवरण | सम्झौता मिति | सम्झौता गर्ने पदाधिकारी | भवन निर्माण खर्च | कार्य सम्पन्न मिति | जग्गाको किसिम/ स्वामित्व | नक्सा पासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन | २०७७/०९/२० | गा.पा. अध्यक्ष | ६०२०८७९०। ९ | २०७९/१०/२९ | पञ्चकन्या गाउँपालिका | छैन |
| २ | वडा कार्यालय | २०७७/१०/०३ | कार्यालय प्रमुख | १७४३२७३। ४६ | २०७८/०१/१० | पञ्चकन्या गाउँपालिका | छैन |
| 3 | वडा कार्यालय | २०७८/१०/०३ | कार्यालय प्रमुख | ८३५०००। | २०७९/०१/२८ | पञ्चकन्या गाउँपालिका | छैन |

## ३३ निर्माण कार्य व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ ले संभव भएसम्म प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नु पर्ने उल्लेख गरेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ

| ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|
| संख्या | रकम रु. | संख्या | रकम रु. |
| ७ | ७९९७१०३१.00 | १७३ | ४२५७८७२९.00 |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १८० योजनामा मध्ये ठेक्का मार्फत ७ वटा योजनामा रु.७९९७१०३१।- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १७३ योजनामा रु.४२५७८७२९ खर्च गरेको छ । अर्थात योजनामा भएको कुल रु.१२२५४९७६० खर्च मध्ये ६५.२५ प्रतिशत ठेक्का प्रक्रिया र ३४.२५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवम् व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ३४ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनोट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५ प्रतिशत देखि ४४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकाँश

योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | तितौरे धारा बयगाउँ भेडाबारी मा. वि. सुन्तलीटार सडक स्तरोन्नति साथै बयगाउँ साबिक वाड नं ७ हुँदै ५ नं वडा कार्यालय जाने सडक, पञ्चकन्या ५ | PRM/ROAD/05/080-081 | आर एस ए कन्स्ट्रक्सन | ९७४३२९५।०० | ५४४०६९०।०० | ४४.१६ |
| २ | छहरे ठाँटीभन्ज्याङ २ नं वडा कार्यालय मिलडाँडा घलेभन्ज्याङ सडक कालोपत्रे | PRM/ROAD/03/080-081 | समृद्धि इन्फ्रास्ट्रक्चर | १५९९३२०१।०० | ११३५७९६५।०० | २७.११ |
| ३ | राष्ट्रिय मा वि २ नं. वडा कार्यालय मिलडाँडा घलेभञ्ज्याङ सडक स्तरोन्नति, पञ्चकन्या २, ३ | PRM/ROAD/04/080-081 | R.S.A Construction Pvt. Ltd. | १९९९९९५२।९९ | १३६०७२९९।३२ | ३०.१७ |
| ४ | लाकुरीभञ्ज्याङ थापा टोल वृहत खानेपानी योजना निर्माण कार्य गाउँपालिकाको कार्यालय आसपास, पञ्चकन्या ३ | PRM/DW/07/080-081 | जे डी लामिछाने कन्स्ट्रक्सन प्रा लि | ७३०७४७५।०० | ४८८६७३२।०० | ३३.१३ |
| ५ | घलेभन्ज्याङ लाकुरीभञ्ज्याङ कालिकास्थान २ नं वडा कार्यालय जोड्ने सडक स्तरोन्नति | PRM/ROAD/01/080-081 | श्रीकृष्ण – इन्द्रदेव जे भी | २२६७६३३०।०० | २१५४८२९९।०० | ४.९७ |
| ६ | सातविसे मंगला टोड्केभञ्ज्याङ सडक स्तरोन्नति | PRM/ROAD/02/080-081 | श्री तालबाराही-जी के जे भी | २०८६३४८९।०० | १९८०२७५५।०० | ५.२५ |
| ७ | वडा ५ थपलिया टोल नयाँबस्ती सविन १ भद्रुटार वृहत खानेपानी योजना, पञ्चकन्या ५ | PRM/DW/06/080-081 | सेतीदेवी मञ्जरी कन्स्ट्रक्सन प्रा लि | ४८२९३२२।०० | ३३२७७५६।०० | ३१.०९ |

## ३५ धरौटी हिसाब मिलान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ (२) मा धरौटीको लेखा अद्यावधिक गरी राख्नुपर्ने र नियम ६९ मा धरौटी बापत प्राप्त भएको रकम प्रचलित कानुनमा उल्लेख भएकोमा बाहेक अन्य काममा खर्च गर्न नहुने व्यवस्था छ । पालिकाको यस आ व को धरौटीको श्रेस्ता बमोजिम बाँकी रकम रु.१३६०८९४३।८५ देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.१३५८३९४३।८५ देखिएकोले बैंक घटी देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २५,००० |

३६ **धरौटी फिर्ता**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४२१,०४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **निकासी कर**

निकासी कर सङ्कलन सम्बन्धमा मिति २०८०।०३।८ को कार्यपालिकाको निर्णयानुसार पालिकाभन्दा बाहिर निकासी हुने नदिजन्य पदार्थ, ढुंगा, गिट्टी, माटो लगायत कर लाग्ने वस्तुहरुको निकासी कर सङ्कलन गर्नको निम्ति ठेक्का नलागे सम्मका लागि अमानतबाट उठाउने निर्णय गरेको र प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुसार २०८०।३।८ मा १७९८९.८० घन मिटरका लागि सूचना प्रकाशन गरेकोमा प्रथम तथा दोस्रो पटकमा ठेक्का नलागि तेस्रोपटकमा ११९९३.२० घन मिटरका लागि दि .आइ. कोर कन्स्ट्रक्सनले भ्याट समेत रु. ४९३५१४०।०० मा ठेक्का प्राप्त गरेको देखिन्छ । निकासी कर सम्बन्धमा देखिएका थप बेहोरा निम्न छन्

• पालिकाको क्षेत्र भित्र नदीजन्य पदार्थ (ढुंङ्गा, गिटी र वालुवा)को उत्खनन संकलन तथा निकासी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरेको रिपोर्ट पेस गरे पनि प्रतिवेदनका सुझावलाई कार्यान्वयन गरेको पाइएन । पालिकामा अमानतबाट सङ्कलित करको दैनिक रुपमा चेकजाँच गर्ने तथा आन्तरिक नियन्त्रण गर्ने कुनै संयन्त्र खडा गरेको देखिएन। ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रकियाको अनुगमन सम्बन्धी व्यवस्था बमोजिम चेक लिष्ट तयार गरी नियमित अनुगमन तथा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

• अमानतबाट सङ्कलन गर्ने क्रममा नगदी रसिदको आधारमा रकम सङ्कलन गरिएकोमा रसिद नियन्त्रण खाताको व्यवस्था भएता पनि खातामा विस्तृत बेहोरा खुल्ने गरी विवरण राखेको पाइएन ।रसिद नियन्त्रण खाता अनुसार कर सङ्कलनकर्ताहरुले १८ थान रसिद बुझेकोमा १६ थान मात्र फिर्ता आएको देखियो भने रसिद नं ०५१-१०० र ८०१-८५० सम्मको २ थान रसिद लेखापरीक्षण अवधिसम्म पनि फिर्ता आएको नदेखिएकोले पालिकाले यथाशीघ्र रसिद फिर्ता गर्न लगाई दाखिला गर्न बाँकी रकम यकिन गरी नियमानुसार राजस्व दाखिला गराउनु पर्दछ ।

• मापदण्डको दफा १४ बमोजिम पालिकाले साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमति वा नवीकरण शुल्क वा करबाट सङ्कलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित पालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको सञ्चितकोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार सङ्कलन गरेको देहाय अनुसारको रकम राजस्व बाँडफाँट गरेको जनाएको छ ।

| **आय शीर्षक** | **संकलित रकम रु.** | **मू अ कर दाखिला रु.** | **प्रदेश फिर्ता रु.** | **आन्तरिक राजस्व दाखिला रु.** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|---|
| अमानत तथा ठेक्काबाट संकलित रकम | ६११४९२५ | ७०३४८६ | २१६४५७५ | ३२४६८६५ | ० |

३८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु. | आन्तरिक आय रु. | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८७४२१६८२।९६ | ८९२३०४९ | ३.१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३९ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु .८९ लाख २३ हजार राजश्व संकलन गरेको छ ।पालिकाले सेवाग्राहिको विवरण सुत्र सफ्टवेयरमा पोष्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम संकलन गर्ने र गाउँपालिका तथा वडाका कर्मचारीहरुले नियमानुसार बैंकमा दाखिला गर्ने गरेको बताएपनि नमुना परिक्षणका क्रममा कतिपय वडामा नगदी रसिदवाट सङ्कलन भएको (जस्तै वडा २को ) तथा वडाहरुको सङ्कलित रकम पनि समयमानै दाखिला गर्ने नगरेको पाइयो । प्राप्त भएको राजश्व र प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा आन्तरिक रुपमा भिडान परीक्षण गर्ने पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन। वडा तथा पालिकाले राजश्व दाखिला नियमानुसार समयमा नै गरी सोको यथार्थ विवरण राख्ने व्यवस्था गर्नुपर्दछ ।

४० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ६२१६२ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् ।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४०९६०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.८९२३०४९।०० अर्थात अनुमान भन्दा ११७.८४ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकाले यो वर्ष निम्न शीर्षकमा गरेको आय अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ :

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | अनुमानित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | २९,४०७।५० |
| २ | ११३१४ | भुमिकर/मालपोत | २७,००,०००।०० | ९,९६,३७९।५० |
| ३ | ११३१७ | वहाल कर | ० | ४,८४,९६०।०० |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ५००।०० |
| ५ | ११६९१ | अन्य कर | ० | १,३०,६५८।०० |
| ७ | १४१९१ | पर्यटन शुल्क | २०,०००।०० | ० |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०,००,०००।०० | ० |
| ९ | १४२२१ | न्यायिक दस्तूर | १०,०००।०० | ० |
| १० | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ८१०।०० |
| ११ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | २०,५००।०० |
| १२ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ४००।०० |
| १३ | १४२२४ | परीक्षा शुल्क | | १०,६००।०० |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३,००,०००।०० | ८७,४०७।०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | २०,०००।०० | ८,३८४।०० |
| १६ | १४२४३ | सिफारिश दस्तुर | ० | १४,६१,६७७।०० |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४६,०००।०० | ३,३९,९००।०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ६५,२००।०० |
| १९ | १४२४९ | अन्य दस्तुर | ० | २,७८,७१५।०० |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १,०४,७५०।०० |
| १७ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | ४००।०० |
| १८ | १४२६५ | अन्य क्षेत्रको आय | ० | ७,७८५।०० |
| १९ | १४५२९ | अन्य राजस्व | ० | ४८,२७,३५४।०० |
| २० | १४६११ | व्यवसाय कर | ० | ६२,१६२।०० |
| २१ | १५१११ | बेरूजु | ० | ५,१००।०० |
| जम्मा | | | ४०,९६,०००।०० | ८९,२३,०४९।०० |

पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र संकलन गर्न पाउने कर तथा दस्तुरका सम्वन्धमा अग्रिम रुपमा आय अनुमान गर्नुपर्नेमा गरेको देखिएन । सम्पत्ति कर, घरजग्गा बहाल कर तथा व्यवसाय कर जस्ता प्रचलित शीर्षकमा पनि आय अनुमान नगरी बुझाउन ल्याएको अवस्थामा मात्र आम्दानी बाँध्ने गरेको देखियो । पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गर्दै आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४२ **पाठ्यपुस्तक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२०,७८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१४,५३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२** को निर्णयले रू **५,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३ **शैक्षिक गुणस्तर**

विद्यालयको शैक्षिक गुणस्तरको मापनको एउटा सूचक एस. ई .ई. परीक्षाको नतिजा पनि हो । गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा १८८ विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **जिपिए** | **जम्मा विधार्थी** | **उत्तीर्ण विद्यार्थी संख्या** | | **उत्तीर्ण प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| | | | **संस्थागत** | **सामुदायिक** | **संस्थागत** | **सामुदायिक** |
| १ | ३.६१ - ४.०० | १८८ | - | १ | - | ०.५३ |
| २ | ३.२१ - ३.६० | १८८ | - | ७ | - | २.६५ |

उल्लिखित तालिका अनुसार संस्थागत विद्यालयको विवरण प्राप्त हुन नसकेको अवस्थामा सामुदायिक विद्यालयको तथ्याङ्क विश्लेषण गर्दा ३.६१ - ४.०० जी .पी .ए ल्याउने विधार्थी १ जना, ३.२१ - ३.६० जी .पी .ए ल्याउने विधार्थी ७ जना मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ । जसअनुसार उच्च जी .पी .ए ल्याउने विद्यार्थी न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को दफा २.८ को क्रियाकलाप नं. २.७.११.१ अनुसार साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालीकोट जिल्लाका बाहेक अन्य स्थानीय तहले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रति विद्यार्थीलाई दैनिक रू.१५।- का दरले विद्यालय सञ्चालन भएको वार्षिक रुपमा १८० दिनसम्मको प्रत्येक त्रैमासिकमा दिवा खाजाबापतको बजेट निकासा गर्ने व्यवस्था छ। यस पालिकाले आ. व. २०८०।८१ मा विश्व खाद्य कार्यक्रम WFP को सहयोगमा uat.sparrowsms.com नामक अनलाइन प्रणालीमार्फत विद्यालयको दिवा खाजाको तथ्याङ्क सङ्कलन (School Day Meal Reporting and Monitoring) गरी दिवा खाजाबापत विद्यालयहरुलाई रकम निकासा गर्दै आएको तर विद्यालयहरुको विद्यार्थीहरुको संख्याको विवरण IEMIS मा समावेश गरी दिवा खाजाबापत रकम निकासा भएको देखिएन । यस पालिकाबाट आ. व. २०८०।८१ मा दिवा खाजा बापत प्रति विद्यार्थी रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनको प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीको खाजाबापतको रकम रु.३२८७१७५।- निकासा भएको देखिन्छ ।अब उपरान्त यस पालिकाभित्रका विद्यालयका विद्यार्थीहरुको संख्याको विवरण IEMIS मा समावेश भएको आधारमा दिवा खाजाबापतको निकासा गर्नुपर्ने देखिन्छ ।

४५ **प्रति विद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ

| बजेट विवरण | बजेट रकम रु. | खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १२८५१३००० | ११५२६७९७७ | २५२८ | ४५५९६ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४५५९६।०० रहेको छ।लागत बमोजिम प्रतिफत प्राप्त हुने गरी शैक्षिक क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ ।

४६ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति व्यवस्था मिलाई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | इन्द्रायणी मा.वि. | ७ | ६ | १ | ३०७ |
| २ | वनदेवी आ.वि. | | २ | | ३८ |
| ३ | आँपचौर आ.वि. | | १ | | ९१ |
| ४ | नवसञ्जिवनी मा.वि. | | ५ | | ४२० |
| ५ | शान्ति विद्या आ.वि. | | २ | | ५० |
| ६ | राष्ट्रिय मा.वि. | | ५ | | ३८० |
| ७ | कालिका मा.वि. | | ४ | | २६९ |
| ८ | पञ्चकन्या मा.वि. | | ४ | | २३० |
| ९ | देवकी धरम आ.वि. | | २ | | ५२ |
| १० | मंगलादेवी आ.वि. | | २ | | ४२ |
| ११ | सप्तकन्या आ.वि. | | १ | | ११२ |
| १२ | सिंहदेवी आ.वि. | | १ | | २१ |
| १३ | उदयजालपादेवी मा.वि. | | ६ | | २०३ |
| १४ | सुन्दरादेवी आ.वि. | | १ | | ५० |
| १५ | गम्वोडाँडा आ.वि. | | ३ | | ९१ |
| १६ | मंगलादेवी मा.वि. | ८ | ८ | १ | १६८ |
| १७ | मजुवा आ.वि. | | २ | | २९ |
| १८ | नामरुनदेवी आ.वि. | | १ | | २६ |
| १९ | भेंडाबारी मा.वि. | | ३ | | १११ |
| २० | बच्छला मा.वि. | | ५ | | १३९ |
| २१ | सुन्दरा आ.वि. | | ३ | | २५ |
| २२ | कुण्डला मा.वि. | | ११ | | २१६ |
| २३ | दुप्चेश्वर आ.वि. | | | | १३ |
| २४ | नवज्योती आ.वि. | | | | १५ |
| २५ | ब्रह्मेश्वर वेद विद्याश्रम मा.वि. | | | | ४२ |
| २६ | नवविहानी बा.वि. के. | | | | २६ |
| २७ | कमरदेवी आ.वि. | | | | ३१ |
| २८ | क्षेत्रपाल आ.वि. | | | | ३७ |
| २९ | भुमेस्थान आ.वि. | | | | १२ |
| ३० | सुन्दरकन्या आ.वि. | | | | २२ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । शून्य दरबन्दी तथा पदपूर्ति भएका विद्यालयहरु सम्भव भए एक आपसमा गाभी तोकिएको शिक्षक विद्यार्थी अनुपात कायम गर्न पहल गर्नुपर्दछ ।

४७ **स्यानिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायिक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड दिने व्यवस्था छ ।पालिकाले सेनिटरी प्याड मिति २०८१/०३/२४ मा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले तोकेको स्पेशीफिकेसन भएको भ्याट सहित प्रति प्याकेट रु.६१ को १०१०० प्याकेटको जम्मा रु ६१७११००। खरिद गरेको देखिन्छ । यस्तो स्वास्थ्यसँग संवेदनशिल विषयमा वर्षको अन्त्यमा खरिद गर्नु औचित्यपूर्ण नदेखिएकोले यसलाई सुधार गर्नुपर्ने देखिन्छ ।

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ दफा १९ को ४ बमोजिम यस शिर्षकमा खरिद गर्न बाहेक ढुवानी गर्न नपाईने व्यवस्था छ।पालिकाले सेनिटरी प्याड ढुवानीमा रु .७८०० खर्च लेखेको हुँदा उक्त खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,८०० |

४८ **सामाजिक सुरक्षा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,२०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **५५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,८८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६,७८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८,४००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९ **सामाजिक सुरक्षाका लाभग्राही**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ

| क्र सं | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | १३,८१८ | २,३१४ | १६.७५ | ९,१७,६४,३२३.३१ |

५० **औषधि खरिद** (५४-२०८०-१०-४):

पञ्चकन्या गाउँपालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको कार्यक्रम अन्तर्गत रु. १०३९८५।(भ्याटसहित) को औषधी खरिद गर्दा ईस्माइल मेडिसिन सप्लायर्स, काठमाण्डौसँग राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरिएको आधारमा औषधी खरिद गरिएकोले सम्बन्धित मालसामानको स्पेसिफिकेसन र लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(२)मा तोकिएको आधार लिई लागत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्ने देखिएको।

५१ **स्वास्थ्य तर्फको पदपूर्ति**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | १ | २२ | ० | | २१००००० |
| स्वास्थ्य केन्द्र/चौकी | ४ | २० | १८ | | |
| सा.स्वा.इकाई | ५ | १० | ० | | |

विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल र ९ स्वास्थ्य केन्द्र/चौकीमा कुल ५२ दरबन्दी रहेकोमा हाल १२ पद स्थायी र १८ पद करार मार्फत पूर्ति गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।दरबन्दी पदपूर्ति गरी सेवाप्रवाह सुधार गर्न पहल गर्नुपर्दछ ।

५२ **वस्तुगत टेवा**

नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७ . १ .१५ को सि नं १३ मा प्रशिक्षार्थीलाई प्राप्त सिपको व्यवसाय सञ्चालनमा उपयोग गर्न प्रोत्साहन स्वरुप दिने वस्तुगत टेवाको रुपमा रु. ३०००।००मूल्य सम्मका वस्तु दिने व्यवस्था छ। पालिकाले आफ्नो खर्चको मापदण्ड तयार गरेको देखिएन तथा बागमती प्रदेशको सार्वजनिक खर्चको मापदण्ड २०७८ मा समेत सिपमूलक तालिममा वस्तुगत टेवा प्रदानको सीमा तोकेको देखिएन ।पालिकाले वडा नंबर २ र ३ मा सञ्चालित गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तरगत मौरी पालन तालिममा सहभागी ६०जना सहभागीलाई जनही रु.१०७६६।६६का दरले रु.६४६०००००।०० वस्तुगत टेवा स्वरुप मौरी घार दिएको पाईयो ।निर्देशिकामा उल्लेख भए भन्दा जनही रु. ७६६६।६६का दरले बढी वस्तुगत टेवा दिँदा अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ को पालना भएको देखिएन ।निर्देशिकाको पालना गरेको भए

स्वीकृत बजेटबाट १५३ जना सम्म थप गृहिणीलाई लागत सहभागितामा वस्तुगत टेवा दिन सकिने अवस्था देखिन्छ।निर्देशिकामा व्यवस्था भए भन्दा बढी जनही रु.७६६६।६६ का दरले रु. ४५९९९९।६ बढी अनुदान रकम दिएको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५९,९९९ |

५३ **एकीकृत लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम १३मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा भाडा दर समेत समावेश गरी एकीकृत लागत अनुमान रकम निर्धारण गर्नु पर्ने उल्लेख छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका घ्याङस्वारा पर्यटकीय पार्कमा योजनाहरुको लागत अनुमान तयार गर्दा निर्माण सामाग्री,ज्याला, उपकरण तथा ढुवानी भाडाको ;समेतको एकीकृत लागत अनुमान तयार गर्नु पर्नेमा निम्नानुसार खर्च समावेश नगरीअनुमान तयार गरेको पाईयो । सम्पूर्ण खर्चको एकीकृत लागत अनुमान तयार नगर्दा योजनाको वास्तविक लागत अनुमान तथा खर्च सीमाको परिपालना भए नभएको सम्बन्धमा जानकारी हुन नसक्ने भएकोले एकीकृत लागत अनुमान तयार गर्नु पर्दछ । अन्य विभिन्न शीर्षकबाट पनि उक्त क्षेत्र लक्षित विभिन्न खर्च तथा भुक्तानी भएका देखिन्छन् । सो सम्बन्धी विवरण निम्न बमोजिम रहेको छः

| खर्च श्रोत | भौ नं/ मिति | भुक्तानी विवरण | खर्च रकम रु |
|---|---|---|---|
| गाउँपालिका चालु | ४७१/२०८१।२।२८ | निर्माण सामाग्री ढुवानी भाडा- प्राविधिक सहायक कपिल शाह | ५७५०० |
| | ६११/२०८१।३।२४ | निर्माण सामाग्री ढुवानी भाडा- सवारी चालक प्रमोद कार्की | २२४०० |
| | ५२६/२०८१।३।१८ | वृक्षारोपण चिया विरुवा १६००० थान- म्यागङ गाउँपालिका | १६०००० |
| | ९/२०८०।६।७ | चिया रोपण कार्यक्रम- सरोज कुमार खाती शोधभर्ना | २३१६० |
| | १६३/२०८०।९।१२ | चियाका लागि मल खरिद | १५२५० |
| | १७०/२०८०।९।१३ | मल खरिद | ७५०० |
| | १०७/२०८०।८।१० | सामाग्री खरिद र ढुवानी | ५०५०० |
| | ४३२/२०८०।२।१४ | मल खरिद तथा ढुवानी | ९०००० |
| | ४४७/२०८१।२।१७ | घ्याङस्वारा सहिद स्मारक पर्यटकीय पार्क-टि भी कार्यक्रम | २७४०० |
| | ४५९/२०८१।२।२३ | खानेपानी व्यवस्थापनको लागि सामाग्री खरिद | ३५३४९ |
| | ४६६/२०८१।२।२७ | फर्निचर खरिद | ६३४०० |
| | ५६२/२०८१।३।२१ | घ्याङस्वारा मेला व्यवस्थापन समिति | ७०००० |
| गाउँपालिका पुँजीगत | ६८/२०८०।११।११ | घ्याङस्वारा खेल मैदान सम्याउने कार्य | ९१०००० |
| | | पार्क हेरालु पारिश्रमिक | ४०००० |
| प्रदेश पुँजीगत | २५/२०८१।३।१३ | लाकुरीबोट घ्याङस्वारा सडक स्तरोन्नती पञ्चकन्या ४ | २३९४११५ |
| | ३२/२०८१।३।२४ | कन्टिन्जेन्सी | १००००० |
| संघ चालु | ९/२०८०।६।१७ | चिया गोडमेल कामदार पारिश्रमिक | १५८९८४ |
| | ८१/२०८०। | प्रधानमन्त्री रोजगार कार्यक्रम | १२५६५०८ |
| | १५०/२०८१।२।१७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५८३१६४ |
| | १७३/२०८१।३।१४ | ज्याला प्र म रोजगार | २२३७८० |
| | १८७/२०८१।३।१९ | ज्याला प्र म रोजगार | ७१८७६८ |
| | **जम्मा** | | ७००७७७८। |

यसरी छरिएर एउटै क्षेत्रको लागि आ व २०८०।८१ मा मात्र रु.७००७७७८। खर्च भएको देखिन्छ । उक्त स्थानमा गत विगत आर्थिक वर्षहरुमा के कति कामका लागि के कति खर्च भए भन्ने विषयको एकीकृत लगत नभएकाले हालसम्मको खर्च सम्बन्धमा यकिन गर्न

सकिएन । पार्क जस्ता स्थानहरु पर्यटकीय हिसाबले बनाइने र सोबाट आय प्राप्त गरी सोही आयका माध्यमबाट पार्क सञ्चालन, रोजगारी सिर्जना मात्र नभई पालिकाको कुल राजस्वमा समेत योगदान दिन सक्ने हुनुपर्दछ । पार्क सञ्चालनका लागि घ्याङस्वारा शहीद स्मारक पर्यटकीय पार्क तथा खेल मैदान संचालन कार्यविधि, २०७९ मिति २०७९।९।१४ मा स्वीकृत भई २०७९।१०।९ मा राजपत्रमा समेत प्रकाशित भएको देखिन्छ ।तथापि घ्याङस्वारा पार्कबाट भएको आम्दानी सम्बन्धमा कहिँ कतै उल्लेख भएको नदेखिएकोले लागतलाई प्रतिफलसँग जोडी उक्त पार्क निर्माण गर्दा लागेको लागत तथा सोबाट प्राप्त प्रतिफलको छुट्टै लगत अद्यावधिक गरी राख्नुपर्दछ ।

५४ **गहुँ बिउ खरिद अनुदान**

संघ ससर्त अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा तोकिएबमोजिम गर्नु गराउनु पर्दछ । कृषितर्फ खाद्यान्न गहुँ वाली उन्नत विउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रमका लागि बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र हरिहरभवन ललितपुरको च नं १३४/२०८०।६।१को प्रकाशित मूल्य सूची अनुसार प्रति केजी गहुँको बिउको दर रु ७०।०० तोकिएको छ ।साथै उक्त केन्द्रले उन्नत जात बिउ खरिद गर्न आधिकारिक बिक्रेता समेत तोकिदिएको देखिन्छ । पालिकाले तोकिएको आधिकारिक केन्द्र नमुना मल्टी एग्रो केन्द्र रत्ननगर चितवनबाट १२०० के जी परिमाणमा प्रति के जी रु ८०।००का दरले गहुँको बिउ कुल रु ९६०००।००मा खरिद गरेको पाईयो । यसरी केन्द्रबाट तोकेको दर भन्दा प्रति के जी रु १० बढीमा खरिद गर्दा थप व्ययभार परेको नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १२,००० |

५५ **लाभग्राही छनोट मापदण्ड तथा लाभग्राहीको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९(५) मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी राख्नु पर्ने उल्लेख छ ।कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुर्‍याउन सक्ने योगदान, व्यायावसायिक योजना, गत विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधार लिई वस्तुनिष्ठ तथा अँक भार सहितको मापनयोग्य मापदण्ड तथा आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा लाभग्राही छनौट गर्दा छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ठ मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरिनु पर्दछ ।वस्तुनिष्ठ तथा अँक भार सहितको मापनयोग्य मापदण्ड तथा आधार विना दिएको अनुदान रकम प्राथमिकता प्राप्त क्षेत्रमा गयो गएन खुलासा हुन सकेन ।पालिकाले विगत वर्षमा कुन कुन व्यक्तिगत/ संस्थागत लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुन–कुन लाभग्राहीलाई के–कस्तो अनुदान दिईयो पहिचान सहितको स्थायी अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति/संस्थालाई पटक पटक अनुदान जानसक्ने र आवश्यक परेको सम्भावित लाभग्राहीले चाहिएको अवस्थामा सेवा सुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ । यो वर्ष अनुदान पाउने केही लाभग्राहीको नाम यसप्रकार छ ।

| क्र सं | अनुदान पाउने | कार्यक्रम | किसिम प्रकार | परिमाण | मूल्य | अनुदान रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गृहिणी महिला ६० जना | गृहिणी महिला सशक्तीकरण | प्रशिक्षार्थी लाई वस्तुगत टेवा मौरीघार | ६० वटा | ७२७००० | ७२७००० | १०० |
| २ | कालिका महिला कृषि सहकारी संस्ता लिमिटेड | बिउ वितरण | गहुँको बिउ | ४०० के जी | २८००० | १४००० | ५० |
| ३ | थप्रेक पञ्चबन्या साना किसान सहकारी सहकारी संस्था लमिटेड | बिउ वितरण | गहुँको बिउ | २०० के जी | १४००० | ७००० | ५० |
| ४ | भद्रुटार स्वावलम्वन कृषि सहकारी सहकारी संस्था लिमिटेड | बिउ वितरण | गहुको बिउ | ४०० के जी | २८००० | १४००० | ५० |
| ५ | भद्रुटार स्वावलम्वन कृषि सहकारी सहकारी संस्था लिमिटेड | साना सिंचाई | सिंचाई प्रणाली | १स्ट | १५९१४२ | १२७६८० | ८४ |
| ६ | आधारिसिला महिला कृषि स स लि | बिउ वितरण | गहुँको बिउ | १०० | ७००० | ३५०० | ५० |
| ७ | मनकामना स्वावलम्वन महिला कृषि सहकारी सहकारी संस्था लिमिटेड | बिउ वितरण | गहुँको बिउ | ४०० | २८०० | १४००० | ५० |
| ८ | दुध उत्पादक कृषक ११७३ जना | दुध उत्पादक कृषक स्साहन | प्रति लिटर रु ३ नगद अनुदान | ४६९१४३.६९ | ३ | १४०७४४७ | १०० |
| ९ | राम प्रसाद निरौला | तरकारी खेती प्रवर्द्धन | टनेल, थोपा सिंचाई र विउ ,विरुवा | सेट | २६८००० | १३४००० | ५० |
| १० | दुप्चेश्वर एस | तरकारी खेती | टनेल, थोपा | सेट | २६८००० | १३४००० | ५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आई उद्यमशिल महिला पसुपन्छी तथा कृषि फर्म | प्रवर्द्धन | सिंचाई ,विउ ,विरुवा | | | | |
| ११ | मिश्री फाँट कृषि सहकारी संस्था लि | तरकारी खेती प्रवर्द्धन | टनेल, थोपा सिंचाई रविउ विरुवामिनिटिलर | सेट | १७६४४३ | १२८६७३ | ७२ |
| १२ | नमुना स्वावलम्बन कृषि तथा पशुपालन समुह | मकैखेती प्रवर्द्धन | विउ, ट्र्याक्टर, मकै रोप्ने मेशिन , पिठो पिस्नेमिल,औषधी | सेट | ६००००० | ३००००० | ५० |
| १३ | अनुशासित सामाविक उद्यमी महिला स स लि | मकैखेति प्रवर्द्धन क्षेत्र विस्तार | विउ,डिजल मिनिटिलर,पेट्रोल मिनिटिलर,पिठो पिस्ने मिल स्प्रेयर विषादी | १२थान | ८००००० | ४००००० | ५० |
| १४ | समृद्धी सहकारी संस्था ली | मकैखेति प्रवर्द्धन क्षेत्र विस्तार | विउ,डिजल मिनिटिलर,पेट्रोल मिनिटिलर,पिठो पिस्ने मिल स्प्रेयर विषादी,तौलने मेशिन | १४ | ६००००० | ३००००० | ५० |
| १५ | दियालो महिला कर्षि सहकारी संस्था लि | साना संचाई | पाईप ६००मिटर समेत सिंचाई प्रणाली | १सेट | ६६५०० | ५८०८० | ८५ |
| १६ | प्रतिविम्ब सानाकिसान स सं लि | साना संचाई | पाईप समेत सिंचाई प्रणाली | १सेट | ७८४३५ | ६६६६९ | ८५ |
| १७ | कालिका बहुउद्देश्यीय सहकारी संस्था लि | साना संचाई | प्लाष्टिक खरिद | १ २० | ५२२०० | ४२२४० | ८४ |
| १८ | ईन्द्रायणी मा वि व्यावसायिक शिक्षा तर्फ | साना संचाई | ईनार निर्माण | १ सेट | ९३२८० | ८९५४८ | ९५.९९ |
| १९ | कौशन महिला कृषि | साना संचाई | सिंचाई प्रणाली | १सेट | १३३००० | १२७६८० | ८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था लिमिटेड | | | | | | |
| २० | अगुवा कृषक व्यावसायिक तरकारी खेति तालिम | वस्तुगत टेवा | स्प्रेयर | १० | ३२५०० | ३२५०० | १०० |
| २१ | राक्सेश्वर स्वावलम्बन समूहका सदस्य कृषक | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना निरन्तरता | नवीनतम प्रविधि ,माटो परीक्षण, बिउ वेर्ना ,उपकरण, साना सिँचाई | २ समुदाय | ८५८३६३ | ४९८६७९ | ५८ |

अभिलेख अद्यावधिक राखी आवश्यकतानुसार अनुदानग्राहीको विवरण प्रकाशित समेत गर्ने व्यवस्था मिलाई पारदर्शिता कायम गरी खास आवश्यकता भएकालाई प्राप्त हुने र एउटै लाभग्राहीलाई दोहोरो अनुदान नहुने गरी नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५६ **व्यावसाय संचालन नगरेको** (५४०-२०८१-३-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१४,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५७ **टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी खरिद टुक्राउन नहुने उल्लेख रहेको छ । त्यसैगरी सोही ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनोट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । खरिद योजना र खरिद प्याकेज सम्बन्धमा खरिद योजना बनाई आइटम अनुसार प्याकेजहरु छुट्टाई खरिद गर्नुपर्नेमा सो नगरी पालिकाले विभिन्न समयमा सोझै तथा टुक्रे खरिद गरेको देखियो । केहि उदाहरण निम्न छन

| गो.भौ.नं र मिति | सामानको किसिम | बजेट | रकम | आपूर्तक |
|---|---|---|---|---|
| १५।०८०।७।२३ | खानेपानी पाइप खरिद | १००००००।०० | ९५१६३४।०० | नेपशायर प्रा लि |
| ९३।०८१।१।१४ | खानेपानी पाइप खरिद | १००००००।०० | ९४७७३१।०० | हिसि पोलिथिन एण्ड प्लाष्टिक इण्ड प्रा लि |
| २३९।२०८१।३।२१ | खानेपानी पाइप खरिद | १४५६००।०० | १४५६००।०० | बिग्स हार्डवेयर एण्ड जनरल |
| २३९।२०८१।३।२१ | खानेपानी पाइप खरिद | १४५६००।०० | १४५६००।०० | बिग्स हार्डवेयर एण्ड जनरल |

५८ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले संघीय तथा समानिकरण बजेट उप शिर्षकबाट रु.२१०००००।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड ९४ लाख ८५हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६० **रबरबोट खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **करार सेवा**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । त्यसै गरी सोही ऐनको स्थानीय दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य

तरिकाबाट पदपूर्ति गर्न नपाईने तथा दफा १६(१) स्थानीय सेवाका कर्मचारीले गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ । तर पालिकाले पेश गरेको विवरण अनुसार करारमा ६९ जना भर्ना गरी करार सेवा शुल्कमा रु.८७१९०००।००खर्च लेखेको छ । अतः व्यवस्थापन सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शी हिसाबले पद पूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ६२ स्वास्थ्य विशेष कार्यक्रम

कार्यक्रम संचालन गर्दा निश्चित कार्यविधि अवलम्बन गर्नु पर्दछ । संघीय सशर्त अनुदानको स्वास्थ्यतर्फको विशेष कार्यक्रम शीर्षकमा पालिकालाई रु. ५० लाख बजेट प्राप्त भएको छ ।बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना कार्यक्रममा कुनै कार्यविधि नतोकी विनियोजन गरिएको उक्त कार्यक्रम सञ्चालनका लागि देहायका कार्यक्रममा रकम विनियोजित गरी २०८० असारमा गाउँ सभाले खर्चको बाँडफाँट स्वीकृत गरेको देखियो ।

| कार्यक्रमको नाम | विनियोजित शीर्षकगत बजेट रु. | खर्च विवरण रु. | प्रगति प्रतिशत | कार्यक्रम सञ्चालन अवधि |
|---|---|---|---|---|
| महिलाहरुको पाठेघर खस्ने स्क्रिनिङ् शिविर | ११२३५००।०० | ५९४४००।०० | ५२.९०% | २०८१ जेष्ठ र असार |
| आपतकालीन पोषण कार्यक्रमका लागि पालिकास्तरीय आकस्मिक योजना तथा पूर्व तयारी ढाँचा विकास | ७५००००।०० | ५९८४००।०० | ७९.७८% | २०८१ जेष्ठ र असार |
| विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | १०७२५००।०० | ६९२२१२।०० | ६४.५४% | २०८१ जेष्ठ र असार |
| सुत्केरी आमाहरुको लागि सहयोग कार्यक्रम | १५३७०००।०० | १०३९११०।०० | ६७.६०% | आ.व.२०८०।०८१ अवधिभर |
| नवजातशिशु सहयोग कार्यक्रम | ५१७०००।०० | ४३८६४३।०० | ८४.८४% | आ.व.२०८०।०८१ अवधिभर |
| जम्मा | ५००००००।०० | ३८३९२५२।०० | ७६.७८% | |

माथिको तालिका विश्लेषण गर्दा महिलाहरुको पाठेघर खस्ने स्क्रिनिङ् शिविर, आपतकालीन पोषण कार्यक्रमका लागि पालिकास्तरीय आकस्मिक योजना तथा पूर्व तयारी ढाँचा विकास र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम आर्थिक वर्षको अन्तिममा कार्यक्रम गरिएको देखिन्छ ।जसको प्रगति क्रमश: ५२.९०%, ७९.७८% र ६४.५४% रहेको पाइन्छ।यस कार्यक्रम अनुसार बाल मृत्युदर तथा मातृमृत्युदर न्यून गर्न तर्फ कार्यक्रम केन्द्रित भई कार्यक्रम सञ्चालन भएको देखिँदैन साथै आर्थिक वर्षको अन्तिमतिर मात्र कार्यक्रम गर्नाले कार्य प्रगतिमा पनि प्रभावकारी नभएको देखिएको र बजेट नै फ्रिज भएको देखिन्छ ।त्यस्तै गाउँसभाले कार्यक्रम स्वीकृत गरे तापनि कार्यक्रमलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि आवश्यक पर्ने कार्यविधि तयार गरेको पाइएन । यसरी कार्यविधि तयार नहुँदा कार्यक्रम अन्धाधुन्ध सञ्चालन भएको देखिन्छ । आगामी वर्षहरुमा यस्ता कार्यक्रमहरु उपयुक्त रणनीति, कार्यनीति तथा कार्ययोजना तथा आवश्यकतालाई विचार गरी कार्यविधि समेत बनाएर प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ६३ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका ,२०७५ (दोस्रो संसोधन) को दफा २७ मा प्रत्येक महिनाको ५ गतेभित्र अघिल्लो महिनाको पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सुन्दरादेवी मन्दिर तथा सिंढी निर्माण आयोजना लागत साझेदारीमा भई प्राविधिक लागत अनुमान बमोजिम ज्याला रकम रु. २५००००। राखी कार्यादेश दिएको तर प्राविधिक मूल्याङ्कन तथा सम्बन्धित निकायबाट अनुगमन गर्दा ज्याला रकम रु. ३०००००। देखिएकोले उक्त नपुग ज्याला रु. ५००००।०० देखिन्छ । मिति २०८०।१०।०८ गते बसेको निर्देशक समितिको निर्णयबमोजिम उक्त रकम भुक्तानी गरिएको देखिन्छ । यसरी ज्याला रकम लागत

अनुमान भन्दा २०% बढी भुक्तानी भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका , मा व्यवस्था भएबमोजिम निर्धारित समयमा पारिश्रमिक भुक्तानी नहुँदा ज्याला रकम लागत अनुमान अनुसार यकिन हुन नसक्दा सम्बन्धित प्राविधिकको कमजोरी देखिन्छ । लागत अनुमान भन्दा बढी भुक्तानी भएको रकम रु. ५००००।०० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

## ६४ दाखिला प्रमाण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१०४,७७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६५ लागत सहभागिता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२१,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६६ लागत अनुमानको आधारबेगर खरिद

मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११(२)को क देखी घ सम्म तोकिएको आधार लिई लागत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न सामान खरिद गर्दा विना आधार लागतअनुमान तयार गरी कोटेशन मार्फत खरिद गरिएकोले नियमानुसार तोकिएको आधार लिई लागतअनुमान स्वीकृत गरी खरिद गर्नुपर्ने देखिएको । केहि उदाहरण निम्न छन्

• गो भौ नं ६१।२०८०।१०।२८ बाट पशुसेवा शाखामा ल्याब सञ्चालनको लागि मेशिनरी औजार, केमिकल तथा सर्जिकल सामाग्रीको रु. ६२४९६०।(भ्याटसहित) खरिद

• गो भौ ८६।२०८०।११।११ बाट १६० थान प्रति इकाइ १७०० Baby Blanket खरिद

• गो भौ १४६।२०८१।०२।१४ बाट महामारी रोग विरुद्ध खोप कार्यक्रममा रु.१७५०००।००को FMD Vaccine खरिद

• गो भौ २३७।२०८१।०३।२४ बाट गर्भवतीहरुको नि:शुल्क रगत पिसाब जाँच गर्ने ल्याब सामाग्री व्यवस्थापन सम्बन्धी ओलेग मेडिकल प्रा लिबाट रु.४०६७०७।०० खरिद

## ६७ खेलकुद विकास कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।खेलकुद प्रतियोगिता सञ्चालन रित प्रकृयाको रुपमा खेल सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधिको पालना रहेको छ ।मापदण्ड र कार्यविधिका पालना गरी लागत अनुमान र खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेल सम्पन्न प्रतियोगिता तयार गरी स्वीकृत गराउनु पर्दछ ।कार्यालयले खेलकुद प्रतियोगिता संचालन प्रकृया तथा खर्चका मापदण्डहरु तयार गरेको छैन । मापदण्ड तथा कार्यविधिका आधारमा प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा वन्द प्रशिक्षण संलग्न मेडिकल स्वयंसेवक टिम,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तराष्ट्रिय निर्णायक (अम्पायर) राष्ट्रिय अन्तराष्ट्रिय रेफ्री स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन । दैनिक भत्ता प्रशिक्षक भत्ता, एम्पाएर रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता,यातायात खर्च, खाना खाजा होटेलबास खर्च,खेलाडी खुराक आदि वापत् फरक फरक दरमा खर्च भएको पाईयो। खेलकुद प्रतियोगिता सञ्चालन प्रस्तावना,छनोट प्रतियोगिता सञ्चालन,बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तीलाई

उपलब्ध गराउने सेवा सुविधा आधार, मापदण्ड ,कार्यविधि सुविधा बापत दिने खर्चका आधार तयार गर्नु पर्दछ ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

| सि नं | भौचर नंबर | खेलकुद प्रतियोगिता | स्थान/आयोजक | खर्च रकम |
|---|---|---|---|---|
| १ | १५७/२०८०।९।५ | अन्तर वडा भलिवल प्रतियोगिता | वडा नं २ | २२८९६५।०० |
| २ | १५४/२०८०।९।३ | अन्तर वडा भलिवल प्रतियोगिता | वडा नं २ | ७४४०५।०० |
| ३ | २२९/२०८०।१०।५ | जिल्लास्तरिय भलिवल प्रतियोगिता | जिल्ला भलिवल संघ | ५८४५०।०० |
| ४ | २४६/२०८०।२०।५ | पाचौं दुप्चेश्वर भलिवल प्रतियोगिता | दुप्चेश्वर गा पा | ६१०७५।०० |
| | २७२/२०८०।१०।२८ | दुप्चेश्वर मेन कप भलिवल | दुप्चेश्वर गा पा | ४५२२०।०० |
| ५ | २६०,२६१/२०८०।१०।२५ | गाउपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड | गाउपालिका | ३७०१४५।०० |
| ६ | ३०६/२०८०।११।३ | वडा स्तरिय खेल वडा नं ३ | वडा नं ३ | ३००००।०० |
| | ३८६/२०८१।१।२५ | वागमति प्रदेश स्तरिय अन्तर पालिका भलिवल | म्यागङ र दुप्चेश्वर | २३८८६५।०० |
| | ४१३/२०८१।२।२ | वागमति प्रदेश स्तरिय अन्तर पालिका रित ब खडका स्मृती भलिवल | दोलखा | ७६०००।०० |
| | ४२२/२०८१।२।२८ | जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | विदुर | २२१४७०।०० |

६८ **पारिश्रमिक निर्धारण**

बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ११ को उपदफा ३ अनुसूची १ क्रमसंख्या २ ख १ मा आवधिक तालिममा ३० कार्यदिन सम्मको तालिममा मुख्य प्रशिक्षकको पारीश्रमिक दैनिक रु.७०० हुने व्यवस्था छ ।अनुसूची १ क्रमसंख्या २ख १मा उल्लेखित दर भन्दा बढी दरमा खर्च गर्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृती लिएर मात्र खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाले सञ्चालन गरेको गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तरगत ५वटा विषयका तालिममा प्रशिक्षकलाई अनुसूची १को क्रमसंख्या २ख १मा उल्लेखित दर भन्दा निम्नानुसार बढी हुने गरी खर्च गर्नु पर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृती लिएर खर्च गरेको देखिएन । बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को पालना गरेर खर्च गर्नु पर्ने अथवा आफ्नो सार्वजनिक खर्चको मापदण्ड स्वीकृत गरेर मात्र खर्च गर्नु पर्नेमा बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ तथा अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ मा उल्लेखित दरमा प्रशिक्षक नपाईने भनी बढी खर्च गरेको पाईयो।मापदण्डको पालना नगरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु

| सि नं | प्रशिक्षक | तालिमको विषय | दिन | मापदण्ड दर | सो अनुसार हुने | भुक्तानी दर | सो अनुसार हुने | बढी भुक्तानी | कर बाहेक बढी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृष्णा नेपाल | साबुन बनाउने | १४ | ७०० | ९८०० | ५००० | ७०००० | ६०२०० | ५११७०. |
| २ | भिम प्रसाद अधिकारी | मौरीपालन | १४ | ७०० | ९८०० | ३६०० | ५०४०० | ४०६०० | ३४५१० |
| ३ | भिम प्रसाद अधिकारी | मौरीपालन | १४ | ७०० | ९८०० | ३६०० | ५०४०० | ४०६०० | ३४५१० |
| ४ | सावित्री वस्नेत | व्यूटिसियन | १४ | ७०० | ९८०० | ३६०० | ५०४०० | ४०६०० | ३४५१० |
| ५ | मञ्जु पण्डित | डल कुसन | १५ | ७०० | १०५०० | २८०० | ४२००० | ३१५०० | २६७७५ |
| जम्मा | | | | | | | | | १८१४७५ |

| | |
|---|---|
| अनियमित भएको | १,८१,४७५ |

## ६९ अनुदानको प्रभावकारिता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावलि २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाइ प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने विल भरपाइ तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।संघ ससर्त तर्फ भौ नं १७०/२०८१ ।३।१ बाट तरकारी खेति प्रवर्द्धन कार्यक्रम अन्तरगत राम प्रसाद सिटौलालाई लागत सहभागितामा टनेल खेती गर्न लागत रु.२७६००० को लागत अनुमान भएकोमा टनेल निर्माण गर्न रु. १०००००।००विरुवा खरिद रु .३६०००तथा थोपा सिंचाई तर्फ रु .१६०००। गरी जम्मा रु. १५२०००।००मध्ये रु .१२६००० अनुदान दिएको छ ।किसानले अनुदान माग गर्दा खेती गर्ने जग्गाको क्षेत्रफल, खरिद गरेको विरुवाको किसिम जात र परिमाण , थोपा सिंचाई अन्तरगत ,पाईप तथा ड्रमको परिमाण तथा मूल्य खुलाई लागत अनुमान रहितको प्रस्तावना पेस गरेको छैन ।कार्यालयले समेत अनुगमन गरी उल्लेखित कुराहरु खुलाई प्रतिवेदन गरेको देखिएन ।विवरण सहितको प्रतिवेदनको अभावमा किसानको व्यावसायिक स्थिती र अनुदान रकमको प्रभावकारीता मूल्याङ्कन नहुने भएकोले अनुगमन गरी अवस्था ,समस्या र सुझाव सहितको प्रतिवेदन गरी अनुदान रकमको प्रभावकारिता बढाउनु पर्दछ ।

७० **प्रमाण कागजात** (१३८-२०८१-२-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२३६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ७१ अनुगमनको बैठक भत्ता

बागमती प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३ अनुसुचि १ बमोजिम स्थानीय तहका पदाधिकारीको सुविधा सम्वन्धि व्यवस्था उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । पालिका क्षेत्रमा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरे पश्चात योजनाको अनुगमन वैठक भत्ता वापत योजनाको कन्टेन्जेन्सीवाट विभिन्न पदाधिकारी तथा कर्मचारीलाई गौ.भौ.२५०।०८१।३।२२ वाट रु४४२००।०० र गौ.भौ.२६८। ०८१।३।२४ वाट रु.३२३००।०० अनुगमन बैठक भत्ता खर्च लेखेको देखियो । अनुगमन वैठकको म्याइनुटमा अनुगमनवाट देखिएका व्यहोरा तथा वैठकको निर्णय तथा अनुगमन प्रतिवेदन संलग्न गरेको नदेखिएकोले नियमसंगत नभएको रु .

| | |
|---|---|
| अनियमित भएको | ७६,५०० |

## ७२ उपभोक्ता समितिबाट सामाग्री खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई रोजगारी श्रृजना गर्ने जस्ता निर्माण कार्य वा सो सँग सम्बन्धी सेवा उपभोक्ता समिति मार्फत गराउन सक्ने व्यवस्था रहेको छ साथै सामाग्री खरिदका लागि मात्र उपभोक्ता समिति गठन गरी कार्य गर्ने व्यवस्था नदेखिएकोले सामाग्री खरिद कार्यमा उपभोक्ता समितिको लाभग्राही हिस्सा संलग्न नहुने अवस्थामा समेत उपभोक्ता समितिबाट सामग्री खरिद गर्ने गराउने कार्य नियम संगत देखिएन।उपभोक्ता समितिबाट भएका केही खरिद निम्न छन्ः

| गौ भौ नं र मिति | उपभोक्ता समितिको नाम | खरिद सामाग्रि | रकम |
|---|---|---|---|
| ५८।०८०।११।०३ | लखन दमाइको वन हुँदै हायु कुलो मर्मत | नेपाल पोली पाइप प्रा लि बाट पाइप खरिद | १९८७५५।०० |
| १३८।०८१।०२।१६ | कल्छे ठाँटी सिमरा खानेपानी उपभोक्ता समिति | वाटर मिटर र गेयर वल खरिद | २३६८००।०० |
| २२८।०८१।३।२० | पहेले खोल्छा मुहान गरी राइवाने चाम्टारी खानेपानी उपभोक्ता समिति | १०००० लि को खानेपानी ट्याकीं खरिद | १३००००।०० |

७३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

७४ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।योजना सम्पन्न गर्न लाग्ने अवधि समायवधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरि आवश्यक श्रोतको सुनिश्चितता पश्चात योजना संचालन गरिनुपर्दछ । यस कार्यालय अन्तर्गत संचालित कतिपय योजनाहरुको सम्पन्न गर्ने अवधि, कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवम् बजेट विनियोजन विच सामन्जश्यतता देखिएन ।योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्थामा समेत रहेका छन् । तसर्थ योजना संचालन गर्दा सञ्चालित योजना तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुनेगरि कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।केहि अधुरा योजनाका उदाहरण निम्न छन्

| गौ भौ न र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | निर्माण अवस्था |
|---|---|---|---|---|
| **७९।०८१।१।१०** | **रायगाउँ चर्च निर्माण वडा नं२ उपभोक्ता समिति** | चर्च निर्माण | १४१९७८।०० | अघिल्लो वर्ष जग मात्र यस वर्ष पिलर,पर्खाल राखेको अझै छतको काम वाँकी |
| **७८।०८१।१।१०** | **जोगीमारा मरण पाटि नि उपभोक्ता समिति** | मरण पार्टि निर्माण | १७७७८७।०० | विम पिलर र छत ढलान मात्र पर्खाल झ्याल ढोका कार्य वाँकी |
| **८२।०८१।१।१२** | **चण्डेश्वरी महादेव मन्दिर र चौतारा निर्माण** | मन्दिर र चौतारा निर्माण | १४२११४।०० | जग र ४ पिलर मात्र |

७५ **भारी उपकरणको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित

प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नदेखिएकोले नियम संगत नभएको । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १६२। ०८१।२। २९ | आँपचौर महत फाँट ग्रामिण कृषि मोटर बाटो उपभोक्ता समिति | ग्रामिण सडक निर्माण | २८५२५४। ०० | सुपर पावर कन्स्ट्रक्सनको जेसिवि प्रयोग | २०१४९९। ०० |
| ३५। ०८०।९। २३ | स्थानीय स्तरका सबै सडकहरु मर्मत एवम् सरसफाई वडा न २ उपभोक्ता समिति | सबै वडाहरुको सडकहरु मर्मत तथा सरसफाई कार्य | ९१७३८४। ०० | ॐ साइराम कन्स्ट्रक्सनको माटो खन्ने कार्यमा जे सि भि लगाएको | ७४०७१५। ०० |
| १९२। ०८१।३। १४ | गौमति खड्कुले झरना मोटर वाटो निर्माण उपभोक्ता समिति | सडक मर्मत | २८३७७०। ०० | आरएसए कन्स्ट्रक्सनको मेसिन प्रयोग गरी सडक खन्न | ३१८६६०। ०० |
| ८०। ०८१।१। १० | रातमाटे न्यौपाने टोल सडक निर्माण उपभोक्ता समिति | सडक मर्मत | १९२०००। ०० | आस्मा निर्माण सेवा एक्साभेटर लगाएको | २१५९४३। ०० |
| २४९। ०८१।३। २२ | झाक्रिटोल हुदैं बाससवोरा जोड्ने नयाँ मोटरवाटो निर्माण उपभोक्ता समिति | सडक स्तरउन्नती | २८८०००। ०० | शुभलक्ष्मी ड्राइगन निर्माण सेवाको एक्साभेटर लगाएको | २७०३५२। ०० |

७६ **कन्टिन्जेन्सी खर्च**

निर्माणकार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ ।उक्त अनुसूचीमा निर्माण लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष कन्टीन्जेन्सी वापत रु १९ लाख ९ हजार खर्च गरेको छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवम् योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च स्विकृत गराइ नगरी नहुने कार्यमा मात्र खर्च गरी कन्टेन्जेन्सी खर्च लाई नियन्त्रण गर्नुपर्छ ।

७७ **निर्माण व्यवसायीको बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रक्याक्टरबाट गराउन सकिने छैन । पालिका तथा वडाले विभिन्न सडक तथा पहिरो सरसफाई कार्य गर्न उपभोक्ता समितिलाई दिएकोमा निर्माण व्यवसायिको एकमुष्ट बिल राखी भुक्तानी दिएको रकम नियम संगत नदेखिएको रु

| गोभौनं./ मिति | काम | उपभोक्ता समितिको नाम | विल पेश गरेको निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३०। ०८०। ०९। १८ | सबै वडाहरुको सडकहरु मर्मत तथा सरसफाई कार्य | पञ्चकन्या गाउँपालिका वडा ३ अन्तर्गत शाखा बाटोहरु मर्मत उपभोक्ता समिति | सेतिदेवि मञ्जरी कन्स्ट्रक्सन प्रा लि | १०५६०००। ०० | सडक सरसफाइ तथा मर्मतका लागि एक्साभेटर (जेसिबि)को प्रयोग गरेको११६७८५५को विल |
| ४५। ०८०। १०। १९ | सबै वडाहरुको सडकहरु मर्मत तथा सरसफाई कार्य | स्थानीय स्तरका सबै सडक सरसफाइ तथा मर्मत उपभोक्ता समिति वडा५ | निर्माण एक्सप्रेस कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज क प्रा लि | ९४५९२१। ०० | सडक मर्मत तथा माटो खन्ने कार्य एक्साभेटर (जेसिबि)को १०६०६१८ को विल |
| ४९। ०८०। १०। २५ | सबै वडाहरुको सडकहरु मर्मत तथा सरसफाई कार्य | स्थानीय स्तरका सबै सडक वडा ४ का सबै सडक मर्मत तथा सरसफाइ उपभोक्ता समिति | थप्रेक जालपा कन्स्ट्रक्सन प्रा लि | १३६०५७८। ०० | सडक मर्मत तथा माटो खन्ने कार्य एक्साभेटर (जेसिबि)को १४६३१२४ को विल |

यसरी उपभोक्ता समितिसँग सम्झौता गरेको काम विना प्रतिस्पर्धा निर्माण व्यवसायीबाट हुने र भुक्तानी हुने अवस्थाले घुमाउरो तरिकाले विना प्रतिस्पर्धा निर्माण व्यवसायीले भुक्तानी प्राप्त गर्ने देखिन्छ।यस्तो अवस्थाले उपभोक्ताको योगदानको मर्म विपरीत कार्य हुने तथा प्रतिस्पर्धा संकुचित हुने हुनाले यस्तो प्रवृत्तिमा सुधार हुनु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३३,६२,४९९ |

## ७८ पुँजीगत बजेटबाट चालु प्रकृतिका खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।पालिकाले पुँजिगत खर्च शिर्षकवाट चालु प्रकृतिका खर्च गरेको कार्य नियमसम्मत नदेखिएको रु

| गौ भौ न र मिति | पुंजिगत खर्च शिर्षक | खर्च भएको काम | खर्च भएको रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|
| २३८।०८१।३।२१ | ३११५९ | रक्तदान लगायतको कार्यक्रम | १०००००।०० | नेपाल रेडक्रस सोसाईटी |
| २५५।०८१।३।२४ | ३११५९ | तरबुजा वेर्ना वितरण | १०००००।०० | इन्द्रायणी विद्यार्थी कृषक समुह |
| १३७।०८१।२।१४ | ३११५९ | खेलकुद तथा छात्रवृत्ति वितरण | ५००००।०० | इन्द्रायणी मा वि |
| १५५।०८१।०२।२५ | ३११५९ | पोशाक झोला शैक्षिक सामाग्रि खरिद | ४००००।०० | नामरुन देवि आधारभुत विद्यालय |
| ९६।०८१।१।१८ | | स्वास्थ्य उपचार सहयोग | २५०००।०० | पदम कुमारी ढकाल |

| | |
|---|---|
| अनियमित भएको | ३,१५,००० |

## ७९ अनुगमन मूल्यांकन खर्च

स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न,२०७८ को २.६.१२ मा आवधिक योजना, नीति तथा कार्यक्रमले लिएको लक्ष्य ,उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल हुनेगरी बजेट खर्च भए नभएको सम्बन्धमा स्थानीय तहले आफुले सञ्चालन गरेका योजना तथा कार्यक्रममा

अनुगमन तथा मुल्यांकन गर्नुपर्दछ ।त्यस्तै भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च गर्नुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ । पालिकामा यस आर्थिक वर्षमा मा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्नका लागि रु.२० लाख बजेट विनियोजन गरेकोमा रु.१८ लाख ९५ हजार र भ्रमण खर्चमा रु.२ लाख बजेट विनियोजन भएकोमा रु.१ लाख ९४ हजार खर्च भएको देखिन्छ ।पालिकाले योजनाहरुमा अनुगमन गर्दा यथार्थपरक सूचक तयार नगरेको, विज्ञ समूह संलग्न नगराएको तथा अनुगमन प्रतिवेदन संलग्न नभएको देखिन्छ ।त्यस्तै भ्रमण खर्च गरेको खर्च सम्बन्धी केही भौचर नमुना परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलब्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाई आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ । उद्देश्य अनुरुप खर्च प्रणालीलाई व्यवस्थित गर्न तथा मूल्याकंन पद्धतीबाट आगामी कार्यक्रम कार्यान्वयनमा सुधार गर्न अनुगमन तथा मुल्याङ्कनका विभिन्न औजारहरु उपयोग गर्नुपर्दछ ।

८० **सवारी साधन दर्ता नवीकरण**

यातायात व्यवस्था ऐन, २०४९ को दफा ३१ (१) मा सवारी दर्ता नवीकरण गर्नुपर्ने म्याद नाघेको ३ महिनाभित्र नवीकरण गराई सक्नुपर्ने साथै ३१ (४) मा म्याद नाघी दर्ता प्रमाणपत्र नवीकरण गर्न आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त एक वर्षसम्मको लागि एक सय प्रतिशत थप दस्तुर लिई नवीकरण गर्ने व्यवस्था छ । व्यक्तिगत रुपमा कसको कारण महसुल भुक्तानीमा ढिलाई भई थप व्ययभार परेको हो पहिचान गरी सचेत एवं व्यक्तिगत रुपमा जिम्मेवार बनाउनु पर्दछ। महसुल भुक्तानीमा ढिलाइ गरी अतिरिक्त महसुल तिरेको खर्च नियमसम्मत नदेखिएको रु

| सि नं | सवारी साधन नंबर | दस्तुर विल रकम | जरिवाना रकम | कुल रकम |
|---|---|---|---|---|
| १ | बागमती प्रदेश ०२००१ब३१०५ | १६५०० | ३३८० | १९३८० |
| २ | बागमती प्रदेश ०२००१ब३१०४ | ७५०० | १३०० | ८८०० |
| ३ | बागमती प्रदेश ०१००२ब३४६५४ | ६००० | १००० | ७००० |
| ४ | बागमती प्रदेश ०२००१ब४९१२ | ६००० | १००० | ७००० |
| | जम्मा | | ६६८० | |

| अनियमित भएको | ६,६८० |
|---|---|

८१ **पालिकास्तरीय आधारभूत तह परीक्षा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली , २०७७ को नियम ३९( ५)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाइ प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ । कार्यक्रम रित प्रकृया पुरा गरी व्यवस्थित रुपमा संचालन गर्न सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधीको व्यवस्था हुनु पर्दछ। ।पालिका अन्तरका २० विद्यालयका कक्षा ५ का २१२ जना तथा १२ विद्यालयका कक्षा ८ का १८९ गरी ४०१ जना विद्यार्थीको अन्तिम परीक्षा व्यवस्थापन प्रयोजनार्थ पूर्व तयारी तथा परीक्षा संचालन तथा नतिजा प्रकाशनको लागि रु २४८०६८।०० खर्च भएको छ ।परिक्षा संचालनको लागि IEMIS तथ्याङ्क सहित विद्यार्थी संख्या उल्लेख गरी खर्चका हरेक आईटमको परिमाण ,दर र रकम उल्लेख गरी कार्यक्रमको लागत अनुमान तथा प्रस्तावना तयार गर्नु पर्नेमा सो गरेको पाईएन । परीक्षा संचालनको लागि पूर्व तयारी बैठक खर्च ,प्रश्न पत्र मोडुलेशन , प्रश्नपत्र छपाई,उत्तर पुस्तिका छपाई, स्टेशनरी मसलन्द खरिद ,केन्द्राध्यक्ष तथा सहायक केन्द्राध्यक्ष निरीक्षक संख्या ,उत्तर पुस्तिका कोडिङ, डिकोडिङ ,इनकोडिङ,नतिजा तयारी , IEMIS तथ्याङ्क प्रविष्ठी खाना खाजा तथा अनुगमन विषयमा कार्यालयले सञ्चालन खर्चका मापदण्ड तथा प्रकृयाको कार्यविधि तयार गरेको छैन । कार्यविधी मापदण्ड नहुँदा खर्चका परिमाण तथा दरहरु निर्धारणको आधार प्रष्ट हुन सकेन । सञ्चालन खर्चका मापदण्ड तथा प्रकृयाको

कार्यविधि तयार गरी मापदण्ड र कार्यविधिका पालना गरी लागत अनुमान , प्रस्तावना र सोका आधारमा व्यवस्थित रुपमा कार्यक्रा संचालन गरी विल भरपाईको सहि खर्चको तेरिज एवम् सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्दछ ।

८२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही पुष्ट्याई हुने प्रमाण तथा औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रु. ८९२३०४९।०० संकलन गरेकोमा खाना तथा विविधतर्फ मात्र रु.९६१०००।०० खर्च गरेको विवरण पेश गरेको छ ।विविध खाजा खाना खर्चका विल भरपाईसँग भिडान हुने गरी उपस्थिति संलग्न गर्नु पर्नेमा कतिपय भौचरमा सो गरेको देखिँदैन । उपस्थिति र खर्च गर्दा आगन्तुक, कार्यक्रममा सहभागी तथा बैठकमा उपस्थित संख्यासँग तादात्म्य हुने गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।यस्ता खर्चका केही उदाहरण निम्नानुसार छन ।

| भौचर नंबर / मिति | आपूर्तक | विवरण | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६९/२०८०।७।१ | आकृति होटल एण्ड लज | खाना खाजा | १४० | १३७८१०।०० |
| ३७२/२०८१।१।१४ | आकृति होटल एण्ड लज | खाना खाजा | १०४ | ६२६५०।०० |

यस्ता खर्चहरुको प्रयोजन र उपस्थिति खुलाई यस्ता खर्च नियन्त्रण गर्नु पर्दछ ।

८३ **परामर्श तथा विस्तृत आयोजना प्रतिवेदन खर्च**

सार्वजनिक खरिद नियमावली २०७७, को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ।बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी .पी .आर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। यस्ता प्रतिवेदनको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| तादी खोला र लिखु खोला आसपास आइ .ई. ई | पावरपोइन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ९६५०२० | ९४८००० | ९६५९२४ |
| लाकुरिभञ्ज्याङ थापाटोल गाउँपालिका आसपास वृहत खानेपानी आयोजना | ईम्प्याक्सिभ ईन्जिनियरिङ्ग सोलुसन प्रालि | ४९७००२।२५ | ४९७००२।२५ | ४९९९९८।२७ |
| कपिलेश्वर मन्दिर परिसरको डि . पि . आर | लियोनार्दो इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ९९८३५५ | ९९८३५५ | |

८४ **ईन्धन**

ईन्धन खर्चको आन्तरिक नियन्त्रणको लागि सवारी लगबुक महालेखापरीक्षकको फारम नम्बर ९०५ मा अभिलेख राख्नुपर्ने व्यवस्था गरेको। पालिकाले यो वर्ष इन्धनको लागि रु.२३५००००।०० बजेट विनियोजन गरेकोमा रु . २०४५४०७।०० खर्च गरेको छ ।त्यस्तै

सवारी साधन मर्मत संभार शिर्षकमा यस आ ..व मा रु.२१ लाख वजेट विनियोजन भएकोमा रु.१९लाख ४३ हजार खर्च भएको देखिन्छ । सवारी लगबुकको प्रयोगले ,सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामन्जस्यता एवम् मितव्ययिता कायम हुने तथा सवारी लगबुकको प्रयोग नगरिँदा कसलाई कुन प्रयोजनको लागि कति परिमाणमा ईन्धन दिएको हो प्रयोग भएको, सवारी साधनको गुडेको अवधी दुरी र खपत भएको इन्धन बीच मेल खाए नखाएको जानकारी नहुने हुँदा सवारी लगबुक राखिनु पर्दछ | पालिकाले विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा राखेको पाइएन | ईन्धन खर्चको सीमा निर्धारण गरी नियन्त्रण गरिनु पर्दछ ।

८५ **न्यायिक सहजकर्ताको पारीश्रमिक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१६,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६ **न्यानो झोला**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

८७ **प्रमाण कागजात**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२९६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८ **सहकारीलाई भवन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४८७,५५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

८९ **बाबुआमाविहिन बालबालिका संरक्षण कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९० **प्रदेश समपूरक अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,०८८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९१ **सरकारी विज्ञापन वापतको भुक्तानीमा कर कट्टी**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१(२) ख र विज्ञापन नियमन गर्ने नियमावली ,२०७७ को नियम ६क३ तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७९।५।७को परिपत्रमा सवै सरकारी विज्ञापन वापत भुक्तानी हुने रकममा ऐनको दफा २१ ख बमोजिम तीन प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाको वखत नै कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board] मा नियमित रुपमा पठाउनु पर्ने निर्देशन गरेको छ। पालिकाले निम्नानुसार विज्ञापन भुक्तानीमा कर रकम कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board]मा नियमित रुपमा पठाएको नदेखिएकोले कानुनको पालना गरी सम्बन्धितबाट असुल गरी विज्ञापन वोर्ड पठाउनु पर्ने रु,

| सि नं | भौचर नंबर | सूचना संप्रेषण गर्ने | विषय | विल रकम | दस्तुर रकम |
|---|---|---|---|---|---|
| १ | ७९/२०८०।७।२ | उत्तरगया दैनिक | सचेतनामुलक सुचना | १५००० | ४५० |
| २ | १००/२०८०।७।२३ | परिवर्तन पोष्ट | सचेतनामुलक सुचना | ११००० | ३३० |
| ३ | | भैरवी मिडिया प्रा ली | सचेतनामुलक सुचना | १०००० | ३०० |
| ४ | १३९/२०८०। | नुवाकोट जागरण साप्ताहीक | सचेतनामुलक सुचना | १७००० | ५१० |
| ५ | २६६/२०८०।१०।२८ | एक्सिलेन्ट एडभर्टाईजिङ सर्भिसेज प्रा ली | वोलपत्र सम्वन्धी सूचना | ४२००० | १२६० |
| ६ | ३२०/२०८०।११।१३ | एक्सिलेन्ट एडभर्टाईजिङ सर्भिसेज प्रा ली | माटो ग्राभेल कर | १२०७५० | ३६२३ |
| ७ | ५७६/२०८१।३।२२ | एक्सिलेन्ट एडभर्टाईजिङ सर्भिसेज प्रा ली | प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कन | ६७२०० | २०१६ |
| ८ | | जिरो मिडिया | वोल पत्र सम्बन्धी सूचना | ४२००० | १२६० |
| ९ | ४६२/२०८१।२।१७ | मनमैजु मिडिया हाउस प्रा ली | वोल पत्र सम्बन्धी सूचना | ४६८३० | १४०५ |
| जम्मा | | | | | ११९५४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,३८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ११,१५४ |
|---|---|

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा वितरण नियमावली, २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्राही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु. ९ करोड २१ लाख ४८ हजार बजेट विनियोजन भएकोमा रु.९ करोड २० लाख २९ हजार खर्च भएको र रु.२६५०८०।०० बैंकबाट फिर्ता गरेको विवरण पेस गरेको छ । प्रारम्भिक प्रतिवेदनमा लगती जनाइएको रकम रु.५२६२२।०० असुल दाखिला भएको प्रमाण पेश गरेको छ । पालिकाले सफ्टवेयरबाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन, लगत कट्टा समयमै नहुने तथा ढिला लगत कट्टा भएको व्यक्तिको रकम समयमै बैँकबाट फिर्ता लिने गरेको नदेखिएकोले पालिकाले लगत अद्यावद्यिक गर्दै निस्कृय खाता लगायत बैंकबाट फिर्ता प्राप्त गर्नुपर्ने अन्य रकमका सम्बन्धमा यकिन गरी फिर्ता प्राप्त गर्नुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पञ्चकन्या गाउँपालिका, नुवाकोट , पन्चकन्या गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण हरि पौडेल | २०८०-१२-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मनिला चाम्लिङ्ग | २०८०-६-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १२१,४०० | ४,९८४,५०८ | २,४२०,४०२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७,५२६,३१० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ३,०१८,२०३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,५०८,१०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २८९५१३०७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६९१६२००० | चालु खर्च | २४७३९२३४५ |
| प्रदेश सरकारबाट अनुदान | ५९२४६००० | पूँजीगत खर्च | १५५७७२६६९ |
| राजश्व बाँडफाँट | ६९८३६२१९ | वित्तीय/अन्य व्यवस्था | १४५४३०५६४ |
| आन्तरिक आय | ८९२३०४९.० | | |
| अन्य आय | १५१३९७०६९ | | |
| कुल आय | ५५८५६४३३७ | कुल खर्च | ५४८५९५५७८ |
| बाँकी मौज्दात | | ३८९२००६६ | |

## अनुसूची - २

## बेरूजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।